# अपाङ्गता भएका व्यक्तिहरूका लागि

# नेपाल सरकारद्वारा सञ्चालित

# समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमको प्रभावकारिता अध्ययन

प्रतिवेदन

महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय

सिंहदरबार, काठमाडौं


परामर्शदाता

अपाङ्गता अधिकार र विकासकालागि कृयाशील- नेपाल (एड्राड) कोलागि

वीरेन्द्र राज पोखरेल



१५ असार, २०७४

## प्राक्कथन

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नै समुदायमा पुनर्स्थापित गराउन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय मार्फत २०५८ साल देखि सञ्चालन मा ल्याएको सिबिआर कार्यक्रमको प्रभावकारिता अध्ययन गर्ने प्रतिस्पर्धाको आधारमा अपाङ्गता अधिकार र विकासका लागि कृयाशिल (एड्राड्) नेपाललाई जिम्मेवारी दिएको मा संस्थाको तर्फबाट मन्त्रालयप्रति हार्दिक आभार व्यक्त गर्दछु । सिबिआर कार्यक्रमको औचित्य, प्रभावकारिता, कार्यक्षमता र दिगोपना लगायतका पक्षमा स्वतन्त्र रुपमा लेखाजोखा गर्ने मन्त्रालयले गरेको यस अभ्यास सराहनीय छ । यस परामर्शदाताले मन्त्रालयद्वारा गठन गरेको विशेषज्ञ समितिको प्राविधिक सहयोग र निर्देशनमा निष्पक्ष रुपले अध्ययन गरी प्रस्तुत गरेको यो प्रतिवेदन र सुझाबहरुको कार्यान्वयन सरकारको सिबिआर कार्यक्रमलाई आगामी दिनहरुमा अझ परिस्कृत तुल्याई लाभग्राही अपाङ्गता भएका व्यक्तिहरुको अधिकार प्रबर्धन गर्ने कार्यमा अत्यन्त उपयोगी हुनेछ भन्ने विश्वाश लिएको छु ।

यस अध्ययनलाई यो स्तरमा पु-याउन अनवरत आफ्नो अमूल्य सुझाव दिएर सहयोग पुर्याउने विशेषज्ञ समितिका सदस्यहरु, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका माहाशाखा प्रमुख सहसचिब श्री महेन्द्र थापा तथा अनुगमन शाखा प्रमुख श्री भरतराज शर्मा एवं अपाङ्गता अधिकार प्रवर्धन शाखाका अधिकृत श्री निमराज भट्टराई र महिला तथा बालबालिका विभाग की कार्यक्रम अधिकृत श्री निरा अधिकारी प्रति आभार व्यक्त गर्दछु । त्यसैगरी लमजुङ, रसुवा, बाँके र काठमाडौं जिल्लाका महिला विकास अधिकृत र अन्य सरकारी कर्मचारीहरूले जिल्लास्तरमा गर्नु भएको सहयोग सराहनीय छ साथै ति जिल्लाहरुमा सिबिआर कार्यक्रम सञ्चालन गर्ने संस्थाका पदाधिकारी एवं प्रतिनिधिहरुलाई प्रस्तुत अध्ययन यस अवस्थामा पुर्याऊन गर्नु भएको सहयोगका लागि कृतज्ञता प्रकट गर्दछु । विशेष गरी सम्पूर्ण उत्तरदाता तथा केन्द्रित समूह छलफल लगायतका सहभागीहरूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । साथै एड्राडका कर्मचारीहरू तिलोत्तमा

ज्ञवाली, लक्ष्मी देसार, मनिषा पौड्याल तथा विजय ज्ञवालीलाई अध्ययन कार्यको सम्पूर्ण चरणमा पुर्याएको सहयोगका लागि धन्यबाद । अन्त्यमा यस प्रतिवेदन सम्पादनमा सहयोग गर्नुहुने श्री वेदराज ढुंगाना तथा यस अध्ययन कार्यमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग पुर्याउने सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

डा. वीरेन्द्र राज पोखरेल, ३०असार २०७४

## विषयसूची


| बिषयबस्तु | पृष्ठ नं. |
|---|---|
| सारसङ्क्षेप | ०१ |
| परिच्छेद १ | |
| १.१. पृष्ठभूमी | ११ |
| १.२ अध्ययनको उद्देश्य | १६ |
| १.३ अध्ययनको सिमितता | १६ |
| परिच्छेद२ | |
| २. अध्ययन विधि | १८ |
| २.१. अध्ययन स्याम्पल | १८ |
| २.२ दस्ताबेज पुनरावलोकन | २० |
| २.३ प्रश्नावली | २१ |
| २.४ मुख्य उत्तरदाता संगको अन्त्रवार्ता | २२ |
| २.५ प्रत्यक्ष अवलोकन | २३ |
| २.६ गहन अन्त्रवार्ता | २४ |
| २.७ केन्द्रित समूह छलफल | २४ |
| २.८ अध्ययनको समय सन्दर्भ | २५ |
| २.९ तथ्यांक प्रशोधन तथा विश्लेषण | २५ |
| परिच्छेद ३ | |
| ३. परिमाणात्मक विश्लेषण | २७ |
| ३.१. शिक्षा | २८ |
| ३.२. स्वास्थ्य | ३१ |
| ३.३. जीविकोपार्जन | ३४ |
| ३.४. सामाजिकिकरण | ३७ |
| ३.५. सशक्तिकरण | ४० |
| परिच्छेद ४ | |
| ४. गुणात्मक विश्लेषण | ४६ |
| ४.१ सिबिआर कार्यक्रमको औचित्य, प्रभावकारिता, कार्यदक्षता र दिगोपनाः को विश्लेषण | ४६ |
| (क) औचित्य | ४७ |
| (ख) प्रभावकारिता | ४७ |

| | |
|---|---|
| (ग) कार्यदक्षता | ४८ |
| (घ) दिगोपना | ४८ |
| ४.२ बिषय विज्ञ तथा सरोकारवालाहरूको सीबिआर कार्यक्रम प्रतिको धारणा | ५३ |
| परिच्छेद ५ | |
| ५.निस्कर्ष तथा सुझावहरू | ५६ |
| ५.१ निस्कर्ष | ५६ |
| ५.२ सुझाव | ६१ |
| सन्दर्भ सामग्री | ६४ |
| अनुसूची १- मूख्य ऊत्तरदाता संगको अन्तर्वार्ताको प्रप्श्नावली | ६५ |
| अनुसूची २ किन्द्रित समुह छलफलको चेकलिष्ट | ७० |

## संक्षिप्तशब्दावली

| | |
|---|---|
| गा.वि.स. | गाँउ विकास समिति |
| गै.स.स. | गैर सरकारी संस्था |
| जि.वि.स. | जिल्ला विकास अधिकारी |
| प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| म.वि.अ. | महिला विकास अधिकृत |
| सिबिआर | समुदायमा आधारित पुनर्स्थापना |
| सि.आर.पि.डि. | अपाङ्गता भएका व्यक्तीहरुको अधिकार सम्बन्धि माहासंधि |

## सारसङ्क्षेप

राज्य पुनर्संरचनाको यस घडीमा अपाङ्गता भएका नागरिकहरुलाई विकासको मूलप्रवाहमा समावेश गराउनु लोकतान्त्रिक पध्दतिको उत्कृष्ट अभ्यास हो । अपाङ्गता एउटा नवीनतम अवधारणा हो जुन कुनै व्यक्तिको कार्यगत विचलन र वातावरणीय अवरोधहरु बीचको अन्तरक्रियाको परिणाम स्वरुप उत्पन्न हुन्छ जसले अन्य व्यक्तिसरह समान आधारमा समाजमा पूर्ण र प्रभावकारी ढंगमा सहभागी हुन वाधा पुर्याउँछ । नेपालमा करिव ८० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । त्यस्ता व्यक्तिहरुलाई सरकारी सेवा तथा सुविधाको यथोचित जानकारी पूर्ण रुपमा हुन सकेको छैन ।

अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य, शिक्षा, रोजगारी, निर्णय प्रक्रियामा समान सहभागिता, पहुँचयुक्त भौतिक संरचना, सूचना तथा सञ्चारप्रविधि, गरिबी निवारण र सामाजिक सहभागीता तथा सचेतनाजस्ता विषयहरू आफ्नै समुदायमा प्राप्त गराइनु मानव अधिकारको विषय हो । यसै कुरालाई आत्मसात गर्दै अपाङ्गता भएका व्यक्तिहरूका लागि विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको परिधिभित्र रही सरकारी तवर वा नीतिगत व्यवस्था गरी अपाङ्गता भएका व्यक्तिहरुका लागिविभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइएका छन् ।

अपाङ्गता भएका व्यक्तिहरुलाई मानवअधिकार संरक्षण गरी आफ्नै समुदायमा पुनर्स्थापित गराउने उद्देश्यका साथ नेपाल सरकारले २०५८ सालदेखि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ र हाल ७५ वटै जिल्लाहरुमा सिबिआर कार्यक्रम, सो सञ्चालन सम्बन्धी निर्देशिका जारीगरी लागू गरिएको छ ।

सिबिआर अवधारणालाई सन् १९७९ देखिविश्व स्वास्थ्य संगठनले विकास र प्रवर्धन गर्न सुरुगरेको होभने सन् २००८ मे ३ तारिखदेखि सिआरपिडि लागू भएपछि सिबिआरको व्यापकतालाई थप प्रभावकारी तुल्याउन विश्व स्वास्थ संगठनले यस अवधारणालाई मानवअधिकारको आयामबाट सन् २०१०मा सिबिआरको सर्वमान्य अवधारणा, पाँच गुणा पाँच तालिका (म्याट्रिक्स) को रुपमा जारी

गरेको छ । संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रका सरकारहरुलाई उक्त परिमार्जित अवधारणा अनुसार अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता, समाजमा समावेशीकरण र गुणस्तरीय जीवनका लागि बहुपक्षीय रणनीतिको रुपमा विकास गर्दै कार्यक्रमलाई स्वास्थ्य, शिक्षा, जीवनयापन, सशक्तीकरण र सामाजिकीकरण जस्ता मुख्य पाँचवटा कार्यक्षेत्रहरूमा विभाजन गरी दिशानिर्देश गरिएको छ ।

नेपाल सरकारले समेत महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय मार्फत स्थानीय स्तरमै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूकै समुदायमै पुनर्स्थापित गराई शिक्षा, स्वास्थ्य, आत्मसम्मानपूर्वक जीवन निर्वाह र सामाजिकीकरणका लागि पहुँच विस्तार गर्दै अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक सहभागिता र सशक्तीकरणमा टेवा पुर्याउने उद्देश्यका साथ यो कार्यक्रम अपाङ्गता भएका व्यक्तिहरुका संघ संघसंस्थाहरुको साझेदारीमा संचालन गरिरहेको छ । साथै उक्त कार्यक्रमको प्रभावकारिताका लागि सिबिआर निर्देशिका र आर्थिक मापदण्ड समेत जारी गरेको छ जस अन्तर्गत तथ्याङ्क तथा विवरण सङ्कलन, जनचेतना सम्बन्धी कार्यक्रम, विस्तृत लेखाजोखा, परामर्श सेवा, उपचार सेवा, पुनर्स्थापना सेवा, शिक्षामा पहुँच, व्यावसायिक तालिम र आय आर्जन व्यवस्था, पारिवारिक तथा सामाजिक सहभागिता, जनशक्ति र नेतृत्व विकास, समन्वय एवं सञ्जाल जस्ता दस क्षेत्रमा क्रियाकलापहरू स्थानीय आवश्यकताको आधारमा सञ्चालन गर्ने गरेको छ।

सरकारले जारी गरेको सिबिआर निर्देशिका तथा अन्तराष्ट्रिय प्रतिबध्दता अनुसारको अधिकार उपभोग गराउने कुरामा यस सिबिआर कार्यक्रम कति प्रभावकारि रहेको छ भन्ने कुरा अध्ययन गर्नु वान्छनिय भएकोले यस "समुदायमा आधारित पुनर्स्थापना " (सिबिआर) कार्यक्रमको प्रभावकारिता अध्ययन कार्य सम्पन्न गरिएको हो ।

सिविआर कार्यक्रमको प्रभावकारिता अध्ययनको मुख्य उद्देश्य कार्यक्रमको औचित्य, प्रभावकारिता, प्रभाव, कार्यदक्षता र दिगोपनाको लेखाजोखा गर्नु हो भने यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए।

१. सिविआर कार्यक्रम योजना तर्जुमा, कार्यक्रम तयारी कार्यान्वयन प्रकृया र ढाँचा वारे अध्ययन गर्नु

२. यस कार्यक्रमबाट अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य, शिक्षा, जिविकोपार्जन, सशक्तीकरण तथा सामाजिक क्षेत्रमा पुर्याएको योगदानको अध्ययन गर्ने ।

सिबिआर कार्यक्रम सञ्चालन भएको डेढ दशक पछि भै रहेको यस अध्ययनका लागि उपलब्ध साधन, श्रोत र समयाबधि अत्यन्तै न्यून भएकोले अध्ययनको व्यापक महत्व हुँदाहुँदै  पनि यसले देशको सबै भुभाग समेट्न सकेको छैन । यस अध्ययनले सिबिआर कार्यक्रमको प्रभावकारिता बारे महत्वपूर्ण आयामहरुको बारेमा तथ्यहरु उजागर गरेतापनि भविष्यमा यस सम्बन्धि थप अध्ययन र अनुशन्धानको खाँचो रहेको महशुस गरिएको छ ।

सिबिआर कार्यक्रमको  प्रभावकारिता  अध्ययनका सन्दर्भमा  तय गरिएका उद्देश्यहरू प्राप्त गर्न परिणात्मक तथा गुणात्मक मिस्रित अनसुन्धान विधि (Mix Research Method) अपनाईएको थियो । अध्ययनका लागि आवश्यक स्यम्पल छान्दा देशभरिको प्रतिनिधित्व हुनेगरी स्ट्र्याडिफाईड् रान्डम स्यम्प्लिङ बिधि (Stratified Random Sampling) अपनाईएको थियो । तिनैवटा भौगोलिक क्षेत्र (ecological zone) हिमाल, पहाड र तराईको प्रतिनिधित्व हुनेगरी क्रमशः रसुवा, लम्जुङ र बाँके जिल्ला तथा काठमाण्डौं जिल्ला चयन गरिएको थियो ।

उत्तरदाताकोरुपमा जिल्लामा सिबिआर सञ्चालन गर्ने संस्था र महिला तथा बालबालिका कार्यालयबाट प्राप्त अपाङ्गता भएका व्यक्तिहरुको सूचि लाई सेकेन्डरि स्रोतको रुपमा प्रयोग गरिएको थियो । गाविसहरू चयन गर्दा प्रत्येक जिल्लामा कार्यक्रम लागु भएका र नभएका दुई दुई गरी जम्मा चार वटा गाविसअनुमानिक स्यम्पल चयन (Judgmental sampling ) प्रणालीबाट छनोट गरिएको थियो ।

उपरोक्त विधि अपनाउँदा रसुवा जिल्लाबाट कार्यक्रम सञ्चालन भएका धुन्चे र कालिकास्थान गाविसर नभएकामा स्यफ्रू बेसी र चिलिमे गाविसहरु चयन गरिएको थियो । लम्जुङ जिल्लाबाट कार्यक्रम सञ्चालन भएका मन्ज्याङ र तार्कू गाविसर नभएकामा अर्चलबोट र धमिलाकुँवा गाविसहरु चयन गरिएको थियो । त्यसैगरी बाँके जिल्लाबाट कार्यक्रम सञ्चालन भएका सितापुर र नभबस्ता गाविसर नभएकामा टिटिरिहा र फत्तेपुर गाविसहरु चयन गरिएको थियो । काठमाण्डौं जिल्ला बाट सिबिआर कार्यक्रम सञ्चालन भएका चंद्रागिरि र नागरजुन नगरपालिकाहरु र नभएकोमा माहानगरपालिका चयन गरिएको थियो जसबाट शहरि क्षेत्रमा समेत सिबिआर कार्यक्रमको प्रभावकारिता लेखाजोखा गर्न सहज भएको थियो ।

कार्यक्रम सञ्चालन भएका र नभएका गाविसको उत्तरदाताको हकमा प्राप्त सुचि मध्ये बाट सकेसम्म सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरु उत्तरदाताको रुपमा चयन गरिएको थियो । यस्ता उत्तरदातामध्ये सिबिआर कार्यक्रमले समेटेको र नसमेटेको अनुपात बराबर हुने गरी मिलाइएको थियो । पूर्णअपाङ्गता भएका व्यक्तिको सन्दर्भमा भने नेपाल सरकारले निर्धारण गरेको अभिभाबकको मापडण्ड अनुसार उक्त व्यक्तिको स्थानीय अभिभावकलाई उत्तरदाताको रुपमा लिईएको थियो । अध्ययनको महत्वपूर्ण उद्देश्य भनेको कार्यक्रमले समेटेका र नसमेटेका व्यक्तिकाबीचमा रहेको भिन्नता विष्लेशण गर्नु थियो । कार्यक्रमले समेटेका ९३ जना र कार्यक्रमले नसमेटेका ९७ जना गरी कूल १९० जना उत्तरदाताबीचमा अनुसुची १ को तालीकामा उल्लेख भएका प्रश्नहरू सोधिएको थियो ।

अध्ययन प्रकृयामा दस्तावेज पुनरावलोकन, संरचनागत प्रश्नावली निर्धारण र परिक्षण, मुख्य उत्तरदाता संगको अन्तरवार्ता, प्रत्यक्ष अवलोकन, गहन अन्तरवार्ता र केन्द्रित समूह छलफल जस्ता विधिहरु अपनाई परिमाणात्मक एवं गूणात्मक तथ्यांक संकलन गरिएको थियो । साथै नेपालले सिआरपिडि अनुमोदन गरी सन् २०१० मे ६ तारिख देखि त्यस्को पक्ष राष्ट्र बनेको अनि विश्व स्वास्थ संगठनले सोहि सालमा सिबिआरको नविनतम अवधारणा अवलम्वन गरेपश्चात

नेपालले समेत सोहि मापदण्ड अनुसार सिबिआर निर्देशिका जारीगरी लागू गरेको हुँदा यस अध्ययनको संदर्भ समय सन् २०१० सालदेखि अध्ययन भएको समय २०१७ जुन महिना सम्मलाई लिइएको थियो । मुख्य उत्तरदाता संगको अन्तरवार्ताको माइक्रोसफ्ट एक्सल फाईल एस्पिएस्एस (SPSS) सफ्टवयेरको प्रयोग गरी सिबिआरको प्रभावकारिता अध्ययनका लागि मानक तयार गरी विश्व स्वास्थ संगठनको मापदण्ड अनुसार स्वास्थ्य, शिक्षा, जिवनयापन, सशक्तिकरण र सामाजिकीकरणको डोमेनलाई मुख्य आधार बनाई नेपाल सरकारले अवलम्बन गरेको सिबिआर निर्देशिकाले अपेक्षा गरेका उपलब्धि मापन हुनेगरी सिबिआर कार्यक्रमले समेटेका र नसमेटेका अपाङ्गता भएका व्यक्तिहरुको विद्धमान स्थितिबारे तुलनात्मक रुपमा क्रस् तालिकाहरु तयार गरी विश्लेषण गरिएको थियो ।

सिबिआर कार्यक्रम सञ्चालन गरीरहेको संस्थाले विश्व स्वास्थ्य संगठनद्वारा विकसित सिबिआर म्याट्रिक्सअनुसारको कार्य गरेको छन् छैनन् हेर्न स्वास्थ्य, शिक्षा, जीविकोपार्जन, सशक्तीकरण र सामाजिकीकरणमा अपाङ्गता भएका व्यक्तिको आवश्यकता अनुरुप प्रभावकारि कार्य गरिरहेका छन् कि छैनन् भनेर विश्लेषण गरिएको थियो।

शिक्षा बिभागको प्रतिबेदन अनुशार अपाङ्गता भएका व्यक्तिहरूभन्दा अपाङ्गता नभएका व्यक्तिको साक्षरता दर ३.१ गुणा बढी छ । त्यसकारण पनि शैक्षिक हिसाबले समेत अन्य व्यक्तिसँग समानता प्राप्त गर्नकालागि अपाङ्गता भएका व्यक्तिहरूलाई कम्तिमा तीन गुणा बढी प्राथमिकता दिनुपर्ने हुन्छ । त्यसकारण पनि सिबिआर सञ्चालन गर्ने संस्थाले अपाङ्गता भएका व्यक्तिको शिक्षामा पहुँच पुर्याउन सक्रिय हुनुपर्ने देखिन्छ । अपाङ्गता भएका व्यक्तिले शैक्षिक संस्थाहरूबाट पाउनु पर्ने छात्रवृत्तिमा विद्यालयमै पनि चलखेल हुने तथा जानकारी नदिने गरिएको छ । तर सिबिआर समितिको सक्रियतामा हाल अपाङ्गता भएका छात्रछात्राले छात्रवृत्ति पाइरहेको पाइयो । सिबिआर कार्यक्रम सञ्चालन निर्देशिका अनुरुप अपाङ्गता भएका विभिन्न उमेर समूहका व्यक्तिहरू त्यसमा पनि विद्यालय जाने उमेर समूहलाई औपचारिक वा अनौपचारिक शिक्षाको

अवसरको व्यवस्था गर्नु सिबिआर कार्यक्रमको अर्को आधारशिला हो । जसअनुसार, आवश्यकताअनुरुप औपचारिक, अनौपचारिक शिक्षामा पहुँच बढाउन सहयोग गर्ने, समावेशी विद्यालय वा स्रोत कक्षाहरूसँग सम्बन्धितलाई अनुशिक्षण दिने र अपाङ्गमैत्री शैक्षिक क्षेत्र बनाउन तथा छात्रवृत्ति जस्ता सेवा सुविधामा पहुँचका लागि पहल गर्ने कुराहरू रहेका छन् । जसमध्ये समाबेशी विद्यालय वा स्रोत कक्षाहरूसँग सम्बन्धित मानव संसाधनलाई अनुशिक्षण दिने कार्यका लागि तालिम प्राप्त विशेषज्ञहरूको जरुरी देखिएको छ ।

भौगोलिक रुपमा बिकट जिल्लाहरुका सार्वजनिक विध्यालयहरुमा सञ्चालन भै रहेका स्रोत कक्षाहरूमा विद्यालय व्यवस्थापन र लेखाजोखा संयोजकको समन्वयमा भएको कमिले विध्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाहरु शिक्षाको अधिकार बाट कुण्ठित हुने जोखिम रहेको पाइयो ।

स्वास्थ्य सम्बन्धित विश्लेषणमा उनीहरूको यो समस्या न्यूनीकरण गर्न सरकारी अस्पतालले महत्वपूर्ण भूमिका खेल्न सक्छन् तर सरकारी अस्पतालमा अपाङ्गता भएका व्यक्तिहरूले आफूले अपेक्षा गरेजस्तो सहयोग र प्राथमिकता पाएका छैनन् । अपाङ्गता भएका व्यक्तिका स्वास्थ्यसम्बन्धि अधिकारको बारेमा जानकारी भएका व्यक्तिले भने व्यवस्थापन संग साक्षात्कार गरेर केही सहज अवस्था बनाउन सक्छन तर जानकारी नभएका व्यक्ति सिधै चिकित्सककोमा जांदा विभिन्न समस्याहरू पर्ने गरेको पाईएको छ । सिबिआर कार्यक्रम सञ्चालन भएका गाविसमा कतिपय अपाङ्गता भएका व्यक्तिले, समितिको पदाधिकारीलाई सँगै लिएर अस्पताल जाने गरेको पाइयो । तर सिधै अस्पताल जानेहरूले अस्पतालमा झंझट भोगिरहेका छन् ।उपचार सेवाअन्तर्गत स्वास्थ्य जाँच गराउने र उपचार सेवा उपलब्ध गराउन सघाउने दुई सहायक क्रियाकलाप निर्देशिकामा उल्लेख भए पनि यसको कार्यान्वयन पक्षमा मुख्यतः दुईवटा व्यवधान रहेको छ । पहिलो स्थानीय स्तरमा तालिम प्राप्त सिबिआर कार्यकताको अभाव र दोस्रो स्वास्थ्य जाँच गराउन लाग्ने आर्थिक स्रोतको अभाव । यी कारणले गर्दा उपचार सेवाअन्तर्गतको स्वास्थ्य जाँच गराउने

सहयोग त्यति सन्तोषजनक छैन । कृतिम अंग र सहायक सामाग्रीको अभावमा कतिपय अपाङ्गता भएका व्यक्तीहरु स्वास्थ्य सेवा र अन्य अधिकारको उपभोगको अवसर बाट समेत बन्चित भै रहेको पाईयो । यी समस्याको बावजुद पनि सिबीआर कार्यक्रम कार्यान्वयन गर्न तोकिएको संस्थाहरूले अपाङ्गता भएका व्यक्तिहरूको उपचार सेवाका लागि गरेको रिफरल सेवा प्रभावकारी छ । सिबिआर सञ्चालन भएको क्षेत्रमा सहयोगि सेवा सिबिआर कार्यक्रम सञ्चालन नभएको क्षेत्रमा भन्दा प्रभावकारी देखिएको छ । आफूकहाँ आएका अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य केन्द्रसम्म पुर्याएर उपचार सेवा उपलब्ध गराउन सघाउने सरोकारवाला संस्थाहरूले गरेको पहल उत्कृष्ट छ ।

जीविकोपार्जनका लागि सिबिआर मार्फत पाईने रकम थोरै भए पनि यसले समग्रमा दिने परिणाम प्रशंसनिय छ । सिबिआर समितिमा अथवा यस्तै कुनै निकायमा सम्पर्कमा रहने व्यक्तिले बीउ पूँजि मार्फत ऋण लिई सानोतिनो व्यवसाय गरी आफैं वा अपाङ्गता भएका आफ्नो परिवारको सदस्यलाई जीवनयापनमा सहयोग गरेको पाइयो । अध्ययनको क्रममा यसरी ऋण लिएका व्यक्तीहरुले बैंकिङ सेबाको प्रयोग गरेको पाइयो । सिबिआर सञ्चालन नभएका भन्दा भएका क्षेत्रमा अपाङ्गता भएका व्यक्तीहरुको रोजगारीको अवस्था उल्लेखनिय रहेको छ ।

सामाजिक विकास अन्तर्गत दिगो विकासको लक्ष्य हासिल गर्न अपाङ्गता भएका व्यक्तीहरुको पारिवारिक तथा सामाजिक सहभागिता मुख्य आधार हुन् । यसले अपाङ्गता समावेशी विकासको मान्यता अनुसार सामाजिक तथा साँस्कृतिक क्रियाकलापहरूमा अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका परिवारको सहभागिता बढाउन भुमिका निर्वाह गर्दछ । सिबिआर कार्यक्रमको मुल उद्देश्य नै अपाङ्गता भएका व्यक्तिलाई समाजमा पुनर्स्थापना गराउनु हो । समाजमा पुनर्स्थापना गर्दा परिवार, समाज, सँस्कृति, सम्बन्ध, मनोरञ्जन र न्यायको खाँचो हुनु हुँदैन । सिबिआर कार्यक्रम भएका गाविसमा अपाङ्गता भएका व्यक्तिले आफ्नो समस्या सम्बन्धित समितिमा समेत राखेर लाभान्वित भएको पाइयो । पारिवारिक तथा सामाजिक तहमै गएर यस्तो समितिले सम्बन्धीत

सबैलाई अपाङ्गता हितको बारेमा जागरुक गराएर सोहि अनुसार व्यवहार गर्न प्रेरित गरेको पाइयो जून कुरा न्यायमाथिको पहुँचका लागि जरुरि हुन्छ ।

सशक्तिकरण अन्तर्गत क्रियात्मक क्षमता अभिवृद्धिका लागि सिबिआर कार्यकर्ताहरूले आवश्यक शारीरिक अभ्यास, साँकेतिक भाषा, ब्रेल लिपि र पहूँचयुक्त सूचना प्रविधि सम्बन्धी तालिम एवं दैनिक क्रियाकलापहरूको अभ्यास र तालिम गराउनु पर्ने कुरा निर्देशीकामा उल्लेख गरेपनि सिबिआर कार्यक्रमका लागि छुट्याइएको रकमले यो सब कार्य गर्न सम्भव छैन । रसूवा जस्ता जिल्लामा केही शुल्क नलिई आफ्नै कार्यालयमा यस्ता कार्यक्रम नभइरहेको भने होइन तर कतिलाई त्यस्तो सुविधा दिन सकिन्छ भन्ने प्रश्न अहम् हो । त्यसैले पनि क्रियात्मक क्षमता अभिवृद्धिका लागि अभ्यास एवम् तालिम गराउने कुरामा सिबिआर कार्यक्रम कार्यान्वयन गर्न तोकीएको संस्थाहरूको भूमिका आर्थिक स्रोतको अभावमा सन्तोषजनक छैन ।

अध्ययनले देखाए अनुसार सिबिआर कार्यक्रम सञ्चालन भई कार्यक्रमले नसमेटेका उत्तरदाताहरू सिबिआर कार्यक्रम सञ्चालन नै नभएका गाविसका उत्तरदाता भन्दा धेरै कुरामा सकृय रहेको पाईयो । आफुलाई विभेदमा परेको महशुस भएको अवस्थामा न्यायिक निकायमा समेत उजुरी गरेको पाईयो ।

सारांशमा सिबिआर निर्देशिकाले निर्दिष्ट गरेका विभिन्न गतिविधिहरू मध्य तालीम, सहायक सामग्री वितरण, स्रोत साधन र विशेषज्ञता चाहिने क्रियाकलापहरूमा कार्यक्रम अपेक्षीत रुपमा प्रभावकारी हुन सकेको छैन तर साधरण परामर्श दिने, चेतनामूलक कार्यक्रम, समन्वयकारी क्रियाकलापमा भने कार्यक्रम अपेक्षित रुपमा सफल भएको पाइन्छ ।

समग्रमा सिबिआर कार्यक्रमका लागि छुट्याएको बजेट अत्यन्तै कम  रहेको छ। साथै सीमित स्रोत साधनको बावजुत पनि सिबिआर कार्यक्रमले अपाङ्गताको क्षेत्रमा पारेको प्रभाव प्रशंसनिय रहेको छ।  एकै जिल्लामा दुईवटा संस्थाहरुलाई एकै वर्ष कार्यक्रम भागवण्डा गरेर दिँदा त्यस्को

प्रभावकारीता ज्यादै कम भएको पाईयो । सिबिआर कार्यक्रमका लागि एक आर्थिक वर्षमा एक जिल्लालाई छुट्याइएको रकम दुई लाख रुपैया अत्यन्त कम भएकोले अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या, भौगोलिक कठिनाइजस्ता कारकलाई आधार बनाई तर्क सङ्गत बजेट विनियोजन गर्नु पर्ने देखिन्छ ।

मन्त्रालयले सिबिआर कार्यक्रममा थप बजेट विनियोजन गर्नु पर्ने देखिन्छ। साथै सिबिआर कार्यक्रममा दाताहरूको सहभागिता बढाउन केन्द्रीय निर्देशक समितिले दाताहरूसँग सम्पर्क बढाएर सहयोग अभिवृद्धि गर्न पहल गर्नु पर्ने सूझाब गरिन्छ ।

स्थानीय तहको निर्वाचन सम्पन्न भै स्थानीय सरकारको गठन भएको सन्दर्भमा सिबिआर कार्यक्रम सञ्चालन गर्नस्थानीय तह (गाँऊ तथा नगर पालिका) स्तरको व्यवस्थापन समितीका सदस्य पदाधिकारीहरुलाई अपाङ्ग हक अधिकारको बारेमा प्रयाप्त जानकारि गराएर सिबिआर अवधारणाको अवलम्वन गराउनु पर्ने देखिन्छ।

अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकारको सम्मान गर्ने हो भने उनिहरुलाई अविभेदको सिध्दान्त बाट संरक्षण गरी आफ्नै समुदायमा सम्मान पुर्वक बाँच्ने वातावरण सृजना गर्नु पर्दछ जस्ले गर्दा अपाङ्गता समावेशी विकासको लक्ष्य पुरा गर्न मद्दत पुग्दछ ।

नेपालले अन्तराष्ट्रीय समुदाय समक्ष गरेको प्रतीबद्धता अनुसार दिगो विकास लक्ष्यको अपाङ्गता सुचकहरु सन् २०३० सम्ममा हासिल गर्न अपाङ्गता भएका व्यक्तीहरुको सामाजिक सहभागितालाई मुख्य आधार बनाउनु पर्दछ । सिबिआरको अवधारणालाई "अपाङ्गता समावेशी विकास" (असवि) को मान्यता अनुसार आर्थिक, सामाजिक तथा साँस्कृतिक क्रियाकलापहरूमा अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका परिवारको सहभागिता प्रबर्द्धन गर्नु पर्दछ । स्थानिय तहमा नै अपाङ्गता भएका व्यक्तीहरुको शिप र सृजनालाई विकास निर्माण प्रकृयामा समावेशि गराउनु पर्दछ ।

# परिच्छेद १:

## १.१. पृष्ठभूमी:

राज्य पुनर्सम्रचनाको समयमा सबै नागरिकहरुलाई विकासको मुलधारमा समावेश गराउनु लोकतान्त्रिक पध्दतिको सुन्दर पक्ष हो । अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगारी पहुँच, पुनर्स्थापना साँस्कृतिक र मनोरञ्जनात्मक क्रियाकलापमा सहभागिता आदि सबै सर्वस्विकार्य संरचनाको आधारमा सम्भब हुन्छ[1] । जनगणना २०६८ अनुसार नेपालमा १.९४ प्रतीशत अपाङ्गता भएका व्यक्तिहरु रहेको तथ्याङ्क छ । करिव ८० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । त्यस्ता व्यक्तिहरुलाई सरकारी सेवा तथा सुविधाको यथोचित जानकारी नहुनेकुरा आजको तितो यथार्थता हो ।

अपाङ्गता एउटा नवीनतम अवधारणा हो जुन अपाङ्गता भएका व्यक्तिको कार्यगत विचलन र वातावरणीय अवरोधहरु बीचको अन्तरक्रियाको परिणाम स्वरुप उत्पन्न हुन्छ जस्ले अन्य व्यक्ति सरह समान आधारमा समाजमा पूर्ण र प्रभावकारी ढँगमा सहभागी हुन बाधा पुर्याउँछ[2] भन्ने कुरालाई सिआरपिडी अनुमोदन गर्ने सबै राष्ट्रहरुले स्वीकार गरेका छन् ।

अपाङ्गता भएका व्यक्तिहरुलाई अवसरहरुको थप समानीकरण गर्नका लागि राष्ट्रिय, क्षेत्रीय र अन्तराष्ट्रिय तहमा नीति, योजना, कार्यक्रम तथा कार्यहरुको प्रवद्र्धन, तर्जुमा तथा मुल्यांकनमा प्रभावकारीता ल्याउन अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धी विश्व कार्ययोजना (१९८२) तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि अवसर समानीकरण सम्बन्धी प्रामाणीक नियमहरु (१९९४)

---

[1] NFDN. (2013). अपाङ्गताभएका व्यक्तीहरुको मानवअधिकार अनुगमन समष्टिगत प्रतिबेदन, राष्ट्रिय अपाङ्गमाहासंघ, भृकुटिमण्डप, काठ्माण्डौँ।

[2] UN, (2006).अपाङ्गता भएका व्यक्तीहरुको अधिकार सम्बन्धीमाहासंधीः संयुक्त राष्ट्र संघ, न्यूयोर्क.

मा उल्लिखित नियम र निर्देशनहरुको महत्वलाई स्वीकार गर्दै स्वास्थ्य, शिक्षा, रोजगारी, निर्णय प्रक्रियामा समान सहभागिता, पहुँचयुक्त रुपमा भौतिक संरचनाहरूको निर्माण, सूचना तथा सञ्चार, प्रविधिको विकास, गरिबी निवारण र सामाजिक सहभागीता र सचेतना जस्ता विषयहरू प्रत्येक अपाङ्गता भएका व्यक्तिहरुले आफ्नै समुदायमा प्राप्त गर्नु मानव अधिकारको विषयहो । त्यसकारण पनि सिआरपिडिको पक्ष राष्ट्रहरुले आफ्नो मुलुकमा रहेका प्रत्येक अपाङ्गता भएका व्यक्तिहरूलाई संरक्षण गरी सम्मान पूर्वक जीवन यापन गराउन उपयुक्त कदम चाल्नु पर्दछ[3] । नेपालको सन्दर्भमा पनि अपाङ्गता भएका व्यक्तिहरूका लागि बिद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको परिधि भित्र रही सरकारी तवरबाट नीतिगत व्यवस्था गरी अपाङ्गता भएका व्यक्तिहरुका लागि विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याईएका छन्।

अपाङ्गता भएका व्यक्तिहरुलाई मानवअधिकार संरक्षण गरी आफ्नै समुदायमा पुनर्स्थापित गराउने उद्देश्यका साथ नेपाल सरकारले २०५८ सालदेखि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ र हाल सबै ७५ जिल्लाहरुमा सिबिआर कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका[4] जारी गरी लागू गरिएको छ ।

नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको अवस्थामा सुधआरगर्न सरकारले समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम मार्फत उनिहरुको सामाजिक, आर्थिक तथा सांस्कृतिक जिवनमा सुधार गर्ने तथा उनिहरुलाई सकृय नागरिकको रुपमा सहभागि गराउन समय समयमा यस कार्यक्रमको ढाँचामा सापेक्ष सुधार गर्दै आइरहेको छ । यद्धपि भौतिक तथा विभिन्न प्राविधिक कारणले गर्दा उनिहरु राज्यबाट प्रदत्त सेवाबाट बन्चित रहेका छन् भन्ने गुनासो सिबिआर कार्यक्रमको वार्षिक

---

[3]Pokharel, B. (2008. अपाङ्गता भएका व्यक्तीहरुको अधिकार सम्बन्धीमाहासंधीः अनुमोदन सहजीकरण पुस्तिका, ललितपूर.

[4]MOWCSW. (2010):.समुदायमाआधारित पुनरस्थापना कारयक्रम निर्देशिका, महिला, बालबालिका तथा समाज कल्याणमन्त्रालय, सिँहदरबार, काठ्माण्डौं।

समिक्षाको समयमा सरोकारवालाहरु बाट सुनिने गरेको छ। विभिन्न कार्यक्रमहरू मध्ये नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले प्रत्येक जिल्ला स्थीत महिला तथा बालबालिका कार्यालय मार्फत २०५८ साल देखि अपाङ्गता भएका व्यक्तिहरूको हक हित संरक्षण लगायत उनीहरूको सशक्तिकरण र विकासका लागि प्रभावकारी कार्य गर्दै आईरहेको छ जस मध्ये समुदायमा आधारित पुनर्स्थापना (सी.बि.आर) कार्यक्रमले अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नै समुदायमा आत्म स्वाभिमान सहित आर्थीक सशक्तिकरण गराउने लक्ष्य निर्धारण गरेको छ।

सिबिआर अवधारणालाई सन् १९७९ देखि विश्व स्वास्थ्य संगठनले विकास र प्रवर्धन गर्न सुरु गरेको हो । हाल यस विधिलाई अपाङ्गता व्यवस्थापनको क्षेत्रमा विश्वव्यापी साझा अवधारणाको रुपमा अवलम्वन गरिएको छ[5] भने यस अवधारणा लाई सन् २००१ मा परिस्कृत र परिमार्जित बनाउन विश्व स्वास्थ संगठनले सिबिआर निर्देशिका जारीगरी लागू गर्न सदस्य राष्ट्रहरुलाई प्रोत्साहित गरेको थियो । सन् २००६ डिसेम्बर १३ तारिखका दिन मा संयुक्त राष्ट्र संघले " अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि माहासंधी" (सिआरपिडि) पारित गरेपछि सिबिआर को व्यापकतालाई थप प्रभावकारी तुल्याउन विश्व स्वास्थ संगठनले यस अवधारणालाई मानव अधिकारको आयाम र करिब तिन दशकको विश्वव्यापि अभ्यास, सिकाइ र आवधिक पुनरावलोकनको आधारमा सरकारहरु तथा सरोकारवाला गैरसरकारी निकाय, संयुक्त राष्ट्रसंघका संयन्त्रहरु, स्वावलम्बी संघ संस्था हरू समेतको संलग्नतामा सन् २०१० मा सिबिआरको सर्वमान्य अवधारणा, पाँच गुणा पाँच तालिका (म्याट्रिक्स)[6] को रुपमा जारी गरेको छ । संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रका सरकारहरुलाई उक्त परिमार्जित अवधारणा अनुसार अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता, समाजमा समावेशीकरण र गुणस्तरीय जीवनका लागि बहुपक्षीय रणनीतिको रुपमा

---

[5]WHO. (2010). *CBR Guidelines: Introductory Booklet*. Malta: World Health Organization.

[6]WHO. (2010). *CBR Guidelines: Introductory Booklet*. Malta: World Health Organization.

विकास गर्दै कार्यक्रमलाई स्वास्थ्य, शिक्षा, जीवनयापन, सशक्तीकरण र सामाजिकीकरण जस्ता मुख्य पाँच वटा कार्यक्षेत्रहरूमा विभाजन गरी दिशानिर्देश गरिएको छ ।

नेपाल सरकारले समेत महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय मार्फत स्थानीय स्तरमै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूकै समुदायमै पुनर्स्थापित गराई शिक्षा, स्वास्थ्य, आत्म सम्मानपूर्वक जीवन निर्वाह र सामाजिकीकरणका लागि पहुँच विस्तार गर्दै अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक सहभागिता र सशक्तीकरणमा टेवा पुर्याउने उद्देश्यका साथ यो कार्यक्रम संचालन गरिरहेको छ[7] ।

सुरुमा चार वटा जिल्लाहरुबाट प्रारम्भ गर्दै आठ अनि पच्चिस वटा जिल्लाहरुमा विकास गरेपछि त्यस्को अनुभव र सर्वव्यापी मागका आधारमा आ.ब. २०६६-६७ देखि सबै जिल्लाहरुमा अपाङ्गता भएका व्यक्तिहरुका संघसंस्थाको साझेदारिमा सञ्चालन हुँदै आइरहेको छ । सरकारले उक्त कार्यक्रमको प्रभावकारिताका लागि सिबिआर निर्देशिका र आर्थिक मापदण्ड समेत जारी गरेको छ[8] जस अन्तर्गत तथ्याङ्क तथा विवरण सङ्कलन, जनचेतना सम्बन्धी कार्यक्रम, विस्तृत लेखाजोखा, परामर्श सेवा, उपचार सेवा, पुनर्स्थापना सेवा, शिक्षामा पहुँच, व्यावसायिक तालिम र आयआर्जन व्यवस्था, पारिवारिक तथा सामाजिक सहभागिता, जनशक्ति र नेतृत्व विकास समन्वय एवं सञ्जाल जस्ता दस क्षेत्रमा क्रियाकलापहरू स्थानीय आवश्यकताको आधारमा सञ्चालन हुने गरेको छ ।

नेपालले समेत अनुमोदन गरी पक्षराष्ट्र बनिसकेको "अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघिय माहासंधी" (Convention on the Rights of Persons With Disabilities) को सिद्धान्त तथा विश्व स्वास्थ्य संगठनको सिविआर मापदण्ड अनुसार

---

[7]NFDN. (2013). अपाङ्गताभएका व्यक्तीहरुको मानवअधिकार अनुगमन समष्टिगत प्रतिबेदन, राष्ट्रिय अपाङ्गमाहासंघ, भृकुटिमण्डप, काठ्माण्डौं ।

[8]MOWCSW. (2010):.समुदायमाआधारित पुनरस्थापना कारयक्रम निर्देशिका, महिला, बालबालिका तथा समाज कल्याणमन्त्रालय, सिँहदरबार, काठ्माण्डौं।

अपाङ्गता भएका व्यक्तिहरुलाई सशक्तिकरण गरी समान अवसर प्रदान गर्ने कुरा उल्लेख गरेको छ ।

नेपालमा सरकारले अवलम्वन गरेको निति अनुसार सेवा सुविधा तथा देशको संविधान र अन्तराष्ट्रिय प्रतिबध्दता अनुसारको अधिकार उपभोग गराउने कुरामा यस सिबिआर कार्यक्रम कति प्रभावकारि रहेको छ भन्ने कुरा अध्ययन गर्नु वान्छनिय भएकोले यस "समुदायमा आधारित पुनर्स्थापना " (सिबिआर) कार्यक्रमको प्रभावकारिता अध्ययन कार्य सम्पन्न गरिएको हो ।

सिबिआर कार्यक्रमको अपेक्षित उपलब्धि हासिल गर्न सम्बन्धित संघसंस्थाहरुको क्षमता अभिवृद्दि गर्न एवं आपसि सिकाई आदानप्रदान गर्न मन्त्रालयले प्रत्यक वर्ष पाँचै बिकास क्षेत्रहरुमा सिबिआर अनुशिक्षण कार्यक्रम पुनर्स्थापना र विकासका लागि श्रोत केन्द्र, भक्तपुर संगको सहकार्यमा सञ्चालन[9] गर्ने गरेको भएता पनि कार्यक्रमको प्रभावकारिताको अध्ययन कार्यक्रमको सुरुवात भएदेखि डेढ दशक सम्म पनि भएको छैन । यसबाट सिबिआर कार्यक्रमको प्रभावकारितालाई अझ व्यापक बनाउने तर्फ ठोस पहल हुन सकेको छैन । यसै कुरालाई ध्यानमा राखि मन्त्रालयले निष्पक्ष रुपमा बाह्य परामर्शदाताको परिचालन गरी कार्यक्रमको प्रभावकारिता अध्ययन गर्न प्रतिस्पर्धाको आधारमा बाह्य परामर्शदाताको नियुक्ति गरी कार्यादेश जारी गरिएको थियो।
यस अध्ययन कार्यलाई थप प्रभावकारि र पृष्ठपोषण गर्नका लागिमन्त्रालयले विशेषज्ञ समितिको गठन गरी परिचालन गरेको छ जस अनुसार यो अध्ययन कार्य मिति २०७४ जेष्ठ १ गते बाट सुरुगरी २०७४ साल आषाढ १५ गते समाप्त भएर यो प्रतिवेदन तयार गरी यसमा उल्लेखित सुझावहरुको कार्यान्वयन समेतका लागि परामर्शदाता द्वारा मन्त्रालय समक्ष पेश गरिएको छ।

[9]RCRD, (2012).बार्षिक प्रतिबेदनः पुनर्स्थापना र विकासकोलागीश्रोत केन्द्र, भक्तपुर।

१.२ अध्ययनको उद्देश्य

सिविआर कार्यक्रमको प्रभावकारिता अध्ययनको मुख्य उद्देश्य कार्यक्रमको औचित्य, प्रभावकारिता, प्रभाव, कार्यदक्षता र दिगोपनाको लेखाजोखा गर्नु हो भने यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

१. सि.वि.आर कार्यक्रम योजना तर्जुमा, कार्यक्रम तयारी कार्यान्वयन प्रकृया र ढाँचा बारे अध्ययन गर्ने

२.यस कार्यक्रमबाट अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य, शिक्षा, जिविकोपार्जन, सशक्तीकरण तथा सामाजिक क्षेत्रमा पुर्याएको योगदानको अध्ययन गर्ने।

१.३ अध्ययनको सिमितता

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले सिबिआर कार्यक्रमको प्रभावकारिता अध्ययन गर्ने कार्य आफैंमा अत्यन्त सराहनिय कार्य हो तथापि कार्यक्रम सञ्चालन भएको डेढ दशक पछि हुन लागेको यस अध्ययनका लागि उपलब्ध साधन, श्रोत र समयावधि अत्यन्तै न्यून भएकोले अध्ययनको व्यापक महत्व हुँदाहुँदै पनि यसले देशको सबै भु-भाग समेट्न सकेको छैन । स्याम्पल चयनमा हिमाली, पाहाडी र तराई गरी तिनै वटा भौगोलिक क्षेत्रहरु समेटे पनि सबै प्रादेशिक क्षेत्र समेट्न सकेको छैन । यसबाट विकासको आयाम बाट पछिपरेको कर्णाली क्षेत्रको प्रतिनिधित्व अन्य शहरि क्षेत्रबाट नजिक भएको जिल्लाहरुले गर्न सक्दैनन् । स्थानीय तहको निर्वाचन र तराई क्षेत्रमा भएका आन्दोलनले आवागमनमा पारेको प्रभावका कारण पनि अध्ययन क्षेत्र चयन गर्दा सावधानि अपनाउनु परेकोले मधेशका जिल्लाहरुमा अध्ययन हुन सकेको छैन ।
यस अध्ययनले सिबिआर कार्यक्रमको प्रभावकारिता बारे महत्वपूर्ण आयामहरुको बारेमा तथ्यहरु उजागर गरेतापनि भविष्यमा यस सम्बन्धि थप अध्ययन र अनुसन्धानको खाँचो रहेको महशुस गरिएको छ ।

परिच्छेद २

## २. अध्ययन विधि

सिबिआर कार्यक्रमको प्रभावकारिता अध्ययनका सन्दर्भमा तय गरिएका उद्देश्य हरू प्राप्त गर्न निम्न बमोजिम परिणात्मक तथा गुणात्मक मिस्रित अनुसन्धान विधि (Mix Research Method) अपनाईएको थियो।

### २.१. अध्ययन स्याम्पल (**Sampling**) :

अध्ययनका लागि आवश्यक स्यम्पल छान्दा देशभरिको प्रतिनिधित्व हुनेगरी उपयुक्त स्यम्पल चयन विधि अपनाईएको थियो । जस अन्तर्गत स्ट्र्याडिफाईड् रान्डम स्यम्प्लिङ बिधि (Stratified Random Sampling) अपनाईएको थियो । तिनैवटा भौगोलिक क्षेत्र (ecological zone) हिमाल, पहाडरतराईको प्रतिनिधित्व हुनेगरी क्रमशः रसुवा, लम्जुङ र बाँके जिल्ला तथा काठमाण्डौं जिल्ला चयन गरिएको थियो । उक्त जिल्लाहरू छनोट गर्दा २०७२ सालको विनाश कारी भूकम्प प्रभावित जिल्लाहरु समेत प्राथमिकताको रुपमा लिईएको थियो । उत्तरदाताको रुपमा जिल्लामा सिबिआर सञ्चालन गर्ने संस्था र महिला तथा बालबालिका कार्यालयबाट प्राप्त अपाङ्गता भएका व्यक्तिहरुको सूचि लाई सेकेन्डरि स्रोतको रुपमा प्रयोग गरिएको थियो भने आदिवासी जनजाती, मधेसी समुदाय र दलित वर्गको प्रतिनिधित्व गराउने कुरामा प्राथमिकता दिईएको थियो।

गाविसहरू चयन गर्दा प्रत्येक जिल्लामा कार्यक्रम लागुभएका र नभएका दुई दुई गरी जम्मा चार वटा गाविस अनुमानिक स्यम्पल चयन(Judgmental sampling) प्रणाली बाट छनोट गरिएको थियो । यस विधि प्रयोग गर्दा कार्यक्रम सञ्चालन भएका गाविस चयन गर्दा गाविस जातीय संरचना तथा जीवनस्तरलाई ख्याल गरिएको थियो भने सिबिआर कार्यक्रम सञ्चालन नभएका गाविस चयन गर्दा कार्यक्रम सञ्चालन भएका गाविस सँग तुलना गर्ने प्रयोजन समेतलाई

ख्यालगरी जातीय संरचना तथा जीवनस्तर सँग मेल खान सक्ने र समान भौगोलिक अवस्थिति भएका गाविस हरू चयन गरिएको थियो।

उपरोक्त विधि अपनाउँदा रसुवा जिल्लाबाट कार्यक्रम सञ्चालन भएका धुन्चे र कालिकास्थान गाविस र नभएका मास्यफ्रू बेसी र चिलिमे गाविसहरु चयन गरिएको थियो । लम्जुङ जिल्लाबाट कार्यक्रम सञ्चालन भएका मन्ज्याङ र तार्कू गाविस र नभएकामा अर्चलबोट र धमिलाकुँवा गाविसहरु चयन गरिएको थियो । त्यसैगरी बाँके जिल्लाबाट कार्यक्रम सञ्चालन भएका सितापुर र नभबस्ता गाविस र नभएका माटिटिरिहा र फत्तेपुर गाविसहरु चयन गरिएको थियो । काठमाण्डौं जिल्ला बाट सिबिआर कार्यक्रम सञ्चालन भएका चंद्रागिरि र नागर्जुन नगरपालिकाहरु र नभएकोमा माहानगरपालिका चयन गरिएको थियो जसबाट शहरि क्षेत्रमा समेत सिबिआर कार्यक्रमको प्रभावकारिता लेखाजोखा गर्न सहज भएको छ ।

कार्यक्रम सञ्चालन भएका र नभएका गाविसको उत्तरदाताको हकमा प्राप्त सुचि मध्ये बाट सकेसम्म सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरु क) शारीरिक अपाङ्गता, ख) दृष्टि सम्बन्धि अपाङ्गता, ग) सुनाइ सम्बन्धि अपाङ्गता, घ) श्रवण दृष्टिविहीन अपाङ्गता, ङ) स्वर बोलाइ सम्बन्धी अपाङ्गता च) मानसिक अपाङ्गता छ) अटिजम, ज) बौद्दिक अपाङ्गता र झ) बहुअपाङ्गता भएका उत्तरदाताहरू चयन गरिएको थियो । यस्ता उत्तरदाता मध्ये सिबिआर कार्यक्रमले समेटेको र नसमेटेको अनुपात बराबर हुने गरी मिलाइएको थियो । पूर्ण अपाङ्गता भएका व्यक्तिको सन्दर्भमा भने नेपाल सरकारले निर्धारण गरेको अभिभावकको मापदण्ड अनुसार[10] उक्त व्यक्तिको स्थानीय अभिभावकलाई उत्तरदाताको रुपमा लिईएको थियो।

---

[10]MOWCSW, (2006:अपाङ्ग सङ्बन्धी राष्ट्रिय निति तथा कार्य योजनाः महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिँहदरबार, काठ्माण्डौं।

टेबुल २.१. उत्तरदाताको अपाङ्गता बर्गिकरण र भौगोलिक वितरण

| | | भौगोलिक बितरण | | | जम्मा |
|---|---|---|---|---|---|
| | | हिमाल | पाहाड | तराई | |
| अपाङ्गताको प्रकार | शारिरीक | १७ | ४६ | २२ | ८५ |
| | दृष्टिबिहिन | ८ | २४ | १४ | ४६ |
| | बहिरा | ७ | १९ | १२ | ३८ |
| | श्रवण-दृष्टिबिहिन | ० | ० | २ | २ |
| | स्वर बोलाई | ३ | ३ | ५ | ११ |
| | मनोसामाजीक | ० | ० | १ | १ |
| | बौद्धिकअपाङ्गता | ० | ३ | ० | ३ |
| | अटिज्म | ० | १ | ० | १ |
| | बहु-अपाङ्गता | ० | १ | २ | ३ |
| जम्मा | | ३५ | ९७ | ५८ | १९० |

स्रोतः स्थलगत अध्ययन

## २.२ दस्ताबेज पुनरावलोकन(**Desk Review**)

अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताको आधारमा प्राप्तहुने सेवा सुविधामा प्रभावकारी पहुँच अभिवृद्धि गर्न सिबिआर कार्यविधि र अन्य निर्देशिकाहरु मन्त्रालयबाट जारी गरिएको छ तथापि अपाङ्गता परिचयपत्र तथा अन्य सेवा सुविधा उपभोगमा अन्योल रहेको गुनासो रहेको छ । त्यसकारण डेस्क रिभ्यू मार्फत समुदायमा आधारित कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी कार्यविधिहरु र निर्देशिकाहरुका प्रावधानहरु अध्ययन गरिएको थियो । साथै अपाङ्गता भएका व्यक्तिहरूले पाउने आधारभूत सेवा सुविधाका बारेमा लाभग्राहिहरुलाई के कस्तो जानकारि रहेको छ

र सिबिआर कार्यक्रमको असर कस्तो रहेको छ भनि विभिन्न संस्थाहरुको प्रतिवेदनको समेत अध्ययन गरिएको थियो ।

२.३ प्रश्नावली (**Questionnaire**)

सरकारी अनुदानमा सञ्चालन भएका समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ, शिक्षा, जिवनयापन, सशक्तिकरण र सामाजिकीकरण बारे विश्व स्वास्थ संगठनले निर्धारण गरेको मापदण्ड र नेपाल सरकारले जारी गरेको निर्देशिकाको आधारमा मापन सुचक तयार गरी मन्त्रालयले गठनगरेको विषेशज्ञ समितिबाट परामर्शदाताले प्रस्ताव गरेको मस्यौदामा व्यापक छलफलगरी प्रश्नावलिको निर्माण गरिएको थियोभने उक्त प्रश्नावलिलाई लम्जुङ्ग जिल्लामा परिक्षण समेत गरी अन्तिम रुप प्रदान गरिएको थियो ।

स्वास्थ अन्तर्गत प्रश्नावलिमा निःशुल्क स्वास्थ्य सेवा, सहायक सामग्रिर सहयोगी सेवा बारे प्रश्न सोधिएको थियो भने शिक्षाको सन्दर्भमा उत्तरदाता अपाङ्गता भएका व्यक्तिहरुको शैक्षिक स्थिति र औपचारिक र अनौपचारिक शिक्षाको बारेमा प्रश्न सोधिएको थियो । जिवनयापन अन्तर्गत रोजगारिको अवस्था, उध्यमशिलता, व्यवसायिक वा शिपमुलक तालिम, व्यवसायमा संलग्नता, बैंकिङ वा वित्तिय सेवामा पहुँच आदिको बारेम सोधिएको थियो । सशक्तीकरण अन्तर्गत अपाङ्गता भएको उत्तरदाताको परिवारमा वा समाजमा कुनै निर्णयकारी भूमिका रहे नरहेको, कुनै राजनैतिक प्रतिनिधित्व र नियुक्ती, सामाजिक संघसंस्थामा संलग्नता र भूमिकाको बारेमा प्रश्न सोधिएको थियो । त्यसैगरी पहुँचयुक्त भौतिक संरचना, निति तथा कानुनको प्रयोग तथा सिआरपिडि, सिबिआर तथा संबिधानले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको बारेमा थाहा भएनभएको कुरा प्रश्न मार्फत जानकारी लिइएको थियो ।सामाजिकीकरण अन्तर्गत अपाङ्गता भएका उत्तरदातालाई व्यक्तिगत दैनिक कार्य सम्पादन गर्नका लागि सहयोगको आवश्यकता पर्ने वा नपर्ने, सहायता सेवा, अपाङ्गता भएका व्यक्तिको समावेशीकरण सम्वन्धी प्रश्नहरु सोधिएको थियो । साथै

अपाङ्गता भएका व्यक्तिहरुको मर्यादाको सन्मान, अपहेलना र न्यायमा पहुँचको बारेमा समेत सोधिएको थियो ।

त्यसैगरी सिबिआर कार्यक्रमको प्रभाव बारे लेखाजोखा गर्न अपाङ्गता भएका व्यक्तिले समुदायमा आधारित पुर्नस्र्थापना कार्यक्रम मार्फत परामर्श सेवा, आर्थिक सहयोग, उपचार सेवा, शिक्षा छात्रवृत्ती, दैनिक क्रियाकलापहरु सम्पादन गर्न सहायता सेवा, व्यवसायिक तालिम, क्षमता विकास तालिम, सहायक सामाग्री, बिऊ पुँजी आदिको बारेमा प्रश्न सोधिएको थियो ।

सिबिआर कार्यक्रमले समेटेको वा नसमेटेको व्यक्तिबीचको अन्तर पत्ता लगाउनका लागिबन्द प्रश्नहरु (Closed ended) र अतिरिक्त उत्तर आउन सक्ने प्रश्नहरू खुल्ला प्रश्न(Open Ended) समावेश गरिएका थिए । उत्तरदाताको सिबिआर कार्यक्रमप्रतिको अपेक्षाबुझ्न विषयगत खुल्ला प्रश्नहरू पनि समावेश गरिएका थिए । प्रश्नावली संरचना गर्दा सिबिआर कार्यक्रम वा अन्य सरकारी तथा गैर सरकारी निकायले गरेको कार्यक्रमको प्रभाव थाहापाउन सेवा प्रदायक संस्थाको बारेमा समेत प्रश्नावलिमा चयन विकल्प समावेश गरिएको थियो ।

## २.४ मुख्य उत्तरदाता संगको अन्तरवार्ता (**Key Informant Interview**)

मुख्य उत्तरदाता संगको अन्तरवार्ता गर्न जिल्लामा सिबिआर सञ्चालन गर्ने संस्था र महिला तथा बालबालिका कार्यालयबाट प्राप्त अपाङ्गता भएका व्यक्तिहरुको सूचि लाई सन्दर्भ स्रोतको रुपमा प्रयोग गरिएको थियो । उत्तरदाता चयन गर्दा सिबिआर सञ्चालन भएको र नभएको क्षेत्रमा गरी जम्मा १९० जना अपाङ्गता भएका व्यक्तिहरु संग अन्तरवार्ता लिईएको थियो । लम्जुङ्मा २०७४ जेष्ठको पहिलो हप्ता, बाकेमा जेष्ठको तेश्रो हप्ता, रसुवामा जेष्ठको चौथो हप्ता र काठमाण्डौंमा आषाढको पहिलो हप्तामा अन्तरवार्ता सम्पन्न गरिएको थियो । अन्तरवार्ता उत्तरदाताहरु संग प्रत्यक्ष भेटेर गरिएको थियो भने केहि उत्तरदाताहरु संग दुर्गम क्षेत्र र समयावधि ज्यादै सिमित

भएकोले मोबाईल फोनमा सम्पर्क गरेर समेत अन्तरवार्ता सम्पन्न गरिएको थियो । तलको तालिकाले उत्तरदाताहरुको उमेर र र भौगोलिक अवस्थिति दर्शाएको छ ।

टेबुल २.२. अपाङ्गता भएका व्यक्तीहरुको उमेर र भौगोलिक स्थीति

| | | भौगोलिक | | | जम्मा |
|---|---|---|---|---|---|
| | | हिमाल | पाहाड | तराई | |
| उमेर | ०-१४ | १ | ३ | २ | ६ |
| | १५-३० | २१ | ४९ | ३३ | १०३ |
| | ३१-४५ | १३ | ३१ | १५ | ५९ |
| | ४६-५९ | ० | १० | ९ | १९ |
| | ६० र माथि | ० | ३ | ० | ३ |
| जम्मा | | ३५ | ९६ | ५९ | १९० |

स्रोत: स्थलगत अध्ययन

## २.५ प्रत्यक्ष अवलोकन (**Direct Observation**)

अध्ययनको लागी चयन भएका जिल्ला तथा गाविसहरुमा स्थलगत भ्रमण गरी सिबिआर कार्यक्रमको प्रभावकारिता बाट अपाङ्गता भएका व्यक्तिहरुको जिवनमा आएको सकारात्मक परिवर्तनको बारेमा प्रत्यक्ष अवलोकन गरिएको थियो र सफल घटनाको रुपमा त्यस्ता कथाहरु प्रतिवेदनमा समेटिएको छ। सिबिआर कार्यक्रमले अपाङ्गता भएका व्यक्तिको जीवनमा पारेको प्रभाव अवलोकन गर्न अध्ययन गरिने प्रत्येक जिल्लामा सिबिआर कार्यक्रमबाट लाभग्राहि एक जना पुरुष तथा एकजना महिलाको अवस्था बारे अध्ययन गरिएको थियो । यो प्रयोजनका लागि प्रश्नावलीका लागि छानिएका उत्तरदाता मध्येबाट अनुमानिक प्रतिचयन (Judgement selection) गरी नमुना लिइएको थियो ।

साथै सिबिआर कार्यक्रम सञ्चालन गरिरहेका संस्थाको गतिविधि भौतिक संरचना लगायतको अवलोकन गरी उनीहरूले गर्ने गरेको तथ्याङ्क तथा विवरण सङ्कलन, जनचेतना सम्बन्धी कार्यक्रम, विस्तृत लेखाजोखा, परामर्श सेवा, पुनर्स्थापना सेवा, शिक्षामा पहुँच, व्यवसायिक तालिम र आयआर्जन व्यवस्था, पारिवारिक तथा सामाजिक सहभागिता, जनशक्ति र नेतृत्व विकास, समन्वय एवं सञ्जाल जस्ता सिबिआर सम्बन्धी क्रियाकलापहरूको प्रभाव समायोजन गरी गुणात्मक विश्लेषण गरिएको थियो ।

२.६ गहन अन्त्रवार्ता (**In-depth Interview**)

यस अध्ययन विधिमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको सम्बन्धीत पदाधिकारिहरु सँग गहन अन्त्रवार्ता गरी आवश्यक जानकारी सङ्कलन गरिएको थियो । अध्ययन गरिएका जिल्लाहरुमा सरोकारवाला सरकारी निकायहरु र लाभग्राहिहरु संग प्रत्यक्ष साक्षात्कार गरिएको थियो साथै चेकलिस्ट अनुसार सिविआर कार्यक्रमको सञ्चालन विधि, जिल्लाको प्रचलित अभ्यास, सवल र दुर्वल पक्षहरु आदिको बारेमा जानकारि लिईएको थियो । साथै कार्यविधिले तोकेका कृयाकलापहरु जस्तै सिबिआर जिल्ला समन्वय तथा अनुगमन समितिको बैठक, महिला तथा बालबालिका कार्यालय मार्फत अनुगमन, सिविआर कार्यक्रम सञ्चालन गर्ने संस्थाको जनशक्ति विकास र तालिम, सभा गोष्ठी, सेमिनारमा सहभागिता वाट गरेका सिकाई र अनुभव आदानप्रदान, कोष स्थापना (निरन्तर आर्थिक स्रोत परिचालन) बीउ पूँजीको प्रयोग, सहकारितामा संलग्नता आदि को प्रभावकारिता विष्लेशण गुणात्मक रुपमा गरिएको छ।

२.७ केन्द्रित समूह छलफल (**Focus Group Discussion**)

अध्ययनका लागि छनौट गरिएको प्रत्येक जिल्लामा एउटा केन्द्रित समूह छलफल आयोजना गरिएको थियो जसमासम्बन्धित जिल्लाको महिला तथा बालबालिका कार्यालयका प्रतिनिधि, सिबिआर कार्यक्रम सञ्चालन गर्ने संस्था तथा अपाङ्गता अधिकारका लागि काम गर्ने संस्थाका

प्रतिनिधिहरु, सिबिआर कार्यक्रमले समेटेका र नसमेटेका अपाङ्गता भएका व्यक्तिहरू, अपाङ्गता भएका व्यक्तिका अभिभावकहरू, लाई समावेश गरिएको थियो । केन्द्रीत समुह छलफलको चेकलिस्ट तयार गरी मन्त्रालयद्वारा गठित विशेषज्ञ समितिको उपस्थितिमा दाङ जिल्लामा जेष्ठ १२ गते त्यस्को परिक्षण गरिएको थियो जसमा कार्यक्रमको औचित्य, प्रभावकारिता, प्रभाव, कार्यदक्षता र दिगोपनाको लेखाजोखा गर्ने अभ्यास गरिएको थियो । केन्द्रीत समुह छलफल काठ्माण्डौं, बाँके, लम्जुंङ्ग र रसुवा जिल्लाहरुमा आयोजना गरि त्यस्को निश्कर्षलाई गुणात्मक विश्लेषण गरी प्रतिवेदनमा समावेश गरिएकोछ।

## २.८ अध्ययनको समय सन्दर्भ (**Time reference of the Study**)

नेपाल सरकारले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय मार्फत अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नै समुदायमा पुनर्स्थापित गराउने उद्देश्यका साथ सिबिआर कार्यक्रम २०५८ देखि नै संचालन गरिरहेको छ यध्दपि नेपालले सिआरपिडि अनुमोदन गरी सन् २०१० मे ६ तारिख देखि त्यस्को पक्ष राष्ट्र बनेको[11] साथै विश्व स्वास्थ संगठनले सोहि सालमा सिबिआरको नविनतम अवधारणा अवलम्बन गरेपश्चात् नेपालले समेत सोहि मापदण्ड अनुसार सिबिआर निर्देशिका जारीगरी लागू गरेको हुँदा यस अध्ययनको संदर्भ समय सन् २०१० सालदेखि यस अध्ययन भएको समय २०१७ जुन महिना सम्मलाई लिइएको छ ।

## २.९ तथ्यांक प्रशोधन तथा विश्लेषण (**Data processing and analysis**)

गणकहरु मार्फत प्रत्येक अध्ययन गरिएका जिल्लाहरुमा मुख्य उत्तरदाता संगको अन्त्रवार्ता सम्पन्न भएपछि त्यस्को माइक्रोसफ्ट एक्सल फाईल परामर्शदाताले रुजु गरेर कम्प्यूटर सहायक मार्फत एस्पिएस्एस (SPSS) सफ्टवयेरमा दर्ता गरिएको थियो । सिबिआरको प्रभावकारिता

---

[11]NFDN. (2013). अपाङ्गताभएका व्यक्तीहरुको मानवअधिकार अनुगमन समष्टिगत प्रतिबेदन, राष्ट्रिय अपाङ्गमाहासंघ, भृकुटिमण्डप, काठ्माण्डौं।

अध्ययनका लागि ९८ वटा मानक तयार गरिएकोमा विश्व स्वास्थ संगठनको मापदण्ड अनुसार स्वास्थ, शिक्षा, जिवनयापन, सशक्तिकरण र सामाजिकीकरणको डोमेनलाई मुख्य आधार बनाई नेपाल सरकारले अवलम्बन गरिको सिबिआर निर्देशिकाले अपेक्षा गरेका उपलब्धि मापन हुनेगरी सिबिआर कार्यक्रमले समेटेका र नसमेटेका अपाङ्गता भएका व्यक्तिहरुको विद्धमान स्थितिबारे तुलनात्मक रुपमा क्रस् तालिकाहरु तयार गरी विश्लेषण गरिएको थियो जस्लाई परिमाणात्मक रुपमा प्रतिवेदनमा व्याख्या गरिएको छ।

परिच्छेद३:

## ३.परिमाणात्मक विश्लेषण (**Quantitative Analysis**)

सिबिआर मापदण्ड र निर्देशिकाले निर्धारण गरेका कृयाकलाप अन्तर्गत सिबिआर कार्यक्रमकोप्रभावकारीता विश्लेषण गर्दा यस कार्यक्रम सञ्चालित भएको र नभएको क्षेत्रका व्यक्तिबिचको तुलनालाई मूख्य आधार बनाइएको थियो भने देशको भौगोलिक अवस्थाले यस सिबिआर कार्यक्रमको प्रभावकारीतामा पारेको प्रभावलाई समेत विष्लेशण गरिएको थियो।

टेबुल ३.१. उत्तरदाताले प्राप्त गरेको सेवा र सिबिआर सञ्चालनको अवस्था

| तपाईले तल उल्लेखीत कुनैसेवा पाउनु भएको छ/छैन् | सिबिआर सञ्चालन भएको | सिबिआर सञ्चालन नभएको |
|---|---:|---:|
| परामर्श सेवा | ११९ | ७१ |
| आर्थिक सहयोग | १०१ | ८९ |
| उपचार सेवा | १२९ | ६१ |
| शिक्षा /छात्रवृती | १२८ | ६२ |
| दैनिक क्रियाकलापहरु सम्पादन् गर्न सहायता सेवा | २८ | ५४ |
| व्यवसायिक तालिम | ११४ | ७६ |
| क्षमता विकास तालिम | ११८ | ७२ |
| सहायक सामाग्री | ५९ | २३ |
| उपचारको सहयोग | २८ | १८ |
| बिऊ पुँजी | ५० | २९ |

स्रोत: स्थलगत अध्ययन

माथि उल्लेखित टेबल नमुना (sample) चयनमा परेको चारै वटा जिल्लाका उत्तरदाताले कार्यक्रमको प्रभावको बारेमा दिएका विभिन्न प्रश्नको जवाफको आधारमा मात्रात्मक विश्लेषण गरिएको थियो यहाँ कार्यक्रम भन्नाले सरकारी सिबिआर कार्यक्रम अन्तर्गत चयन भएको संस्थाले सञ्चालन गरेको जनचेतनामुलक कार्यक्रम, परामर्श सेवा, सहायक सामग्री वितरण, सहयोगी सेवा, व्यवसायिक तालिम बिऊ पूँजि वितरणजस्ता कार्यक्रमहरू रहेका छन् । जसअनुरुप प्रस्तुत विष्लेशणले कार्यक्रमको प्रभावकारिता, कार्यदक्षता र दिगोपनाको लेखाजोखा गर्न खोजेको थियो, जुन विश्व स्वास्थ्य संगठनले निर्दिष्ट गरेको सिबिआर निर्देशिका अनुरुप गरिएको छ । यो विधि अपनाउँदा सिबिआर कार्यक्रमबाट लाभान्वित व्यक्तिहरूलाई दश खण्डको प्रश्नावली बनाएर सोधिएको थियो र त्यही प्रश्नावलीको रुपान्तरित सार संक्षेपलाई प्रस्तुत विष्लेशणमा उल्लेख गरिएको थियो ।

सिबिआर कार्यक्रम सञ्चालन गरीरहेको संस्थाले विश्व स्वास्थ्य संगठनद्वारा विकसित सिबिआर म्याट्रिक्स अनुसारको कार्य गरेको छन् छैनन् हेर्न शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, सामाजिक विकास र सशक्तीकरणमा अपाङ्गता भएका व्यक्तिको चाहना अनुरुप कार्य गरिरहेका छन् कि छैनन् भनेर अध्ययन तथा विश्लेषण गरिएको थियो । साथै कार्यक्रम सञ्चालन भएर पनि कार्यक्रमले नसमेटेका व्यक्ति तथा कार्यक्रम नै सञ्चालन नभएका गाविसका व्यक्ति बीच सिबिआर कार्यक्रमले पारेको प्रभाव तुलना गर्न पनि यो विधि अपनाइएको थियो जस्को विष्लेशण देहाय बमोजिम रहेको छ।

### ३.१. शिक्षाः

सिबिआर कार्यक्रम सञ्चालन निर्देशिका अनुरुप अपाङ्गता भएका विभिन्न उमेर समूहका व्यक्तिहरू त्यसमा पनि विद्यालय जाने उमेर समूहलाई औपचारिक वा अनौपचारिक शिक्षाको अवसरको व्यवस्था गर्नु सिबिआर कार्यक्रमको प्राथमिक लक्ष्य हो । जसअनुसार, आवश्यकता अनुरुप औपचारिक अनौपचारिक शिक्षामा पहुँच बढाउन सहयोग गर्ने, समावेशी विद्यालय वा स्रोत कक्षाहरूसँग सम्बन्धित शिक्षक कर्मचारीलाई अनुशिक्षण दिने र अपाङ्ग मैत्री शैक्षिक क्षेत्र बनाउन

तथा छात्रवृत्ति जस्ता सेवा सुविधामा पहुँचका लागि पहल गर्ने कुराहरू रहेका छन् । जसमध्ये समावेशी विद्यालय वा स्रोत कक्षाहरूसँग सम्बन्धित शिक्षक, कर्मचारीलाई अनुशिक्षण दिने कार्यका लागि तालिम प्राप्त विशेषज्ञहरूको जरुरी हुन्छ जुन सिबिआर कार्यक्रम कार्यान्वयन गर्न तोकिएको संस्थाहरूसँग यस्ता विशेषज्ञता कम मात्र रहेको छ । कुनै संघसंस्थाको सहयोगमा गरे पनि प्राविधिक ज्ञानको अभावमा यस्ता कक्षा सञ्चालन गर्न त्यति सहज देखिंदैन । सिबिआर सञ्चालन भएको र नभएको क्षेत्रको तुलनाबाट विध्यालय जाने अपाङ्गता भएका बालबालिकाहरुको संख्यामा खासै भिन्नता नदेखिनुमा संस्थाहरूले गरेको यो क्रियाकलाप सन्तोषजनक नदेखिनु नै हो ।

टेबुल ३.२. अपाङ्गता भएका बालबालिकाहरुको शैक्षिक स्तर र भौगोलिक अवस्था

| | | भौगोलिक | | | जम्मा |
|---|---|---|---|---|---|
| | | हिमाल | पाहाड | तराई | |
| शैक्षिक स्थीती | निरक्षर | ९ | २४ | १५ | ४८ |
| | आधारभुत | ११ | २९ | २१ | ६१ |
| | माध्यामिक | ८ | २४ | १५ | ४७ |
| | उच्च शिक्षा | ७ | १९ | ८ | ३४ |
| जम्मा | | ३५ | ९६ | ५९ | १९० |

स्रोत: स्थलगत अध्ययन

भौगोलिक रुपमा बिकट जिल्लाहरुका सार्वजनिक विध्यालयहरुमा सञ्चालन भै रहेका स्रोत कक्षाहरूमा विद्यालय व्यवस्थापन र लेखाजोखा संयोजकको समन्वयमा भएको कमिले विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाहरु शिक्षाको अधिकार बाट कुण्ठित हुने जोखिम रहेको पाइयो ।

शिक्षा विभागको प्रतिवेदनले देखाए अनुसार अपाङ्गता भएका व्यक्तिहरू भन्दा अपाङ्गता नभएका व्यक्तिको साक्षरता दर ३.१ गुणा बढी छ । त्यसकारण पनि शैक्षिक हिसाबले समेत अन्य व्यक्तिसँग प्रतिस्पर्धा गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई थप प्राथमिकता सहित शिक्षामा पहुँच दिलाउनु पर्दछ तसर्थ सिबिआर गतिविधिमा अपाङ्गता भएका व्यक्तिको शिक्षामा पहुँच पुर्याउन स्थानिय तहहरु सक्रिय हुनुपर्ने देखिन्छ । अपाङ्गता भएका बालबालिकाहरुले आ-आफ्नो उमेर अनुशारको शैक्षिक कक्षोन्नती हुनुपर्ने अधिकार राख्दछन् तर भौगोलिक विकटताको कारणले यसो हुन सकेको पाईंदैन । तलको टेबुलले उमेर र शैक्षिक स्थितिको तुलनात्मक विष्लेशण गरेको छ ।

टेबुल ३.३. अपाङ्गता भएका बालबालिकाहरुको शैक्षिक स्तर र उमेर-

| | | शैक्षिक स्थीति | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | निरक्षर | आधारभुत | मध्यामिक | उच्च-शिक्षा | |
| उमेर | ०-१४ | ३ | ३ | ० | ० | ६ |
| | १५-३० | १८ | ३७ | ३३ | १५ | १०३ |
| | ३१-४५ | १५ | १६ | १२ | १६ | ५९ |
| | ४६-५९ | ११ | ४ | २ | २ | १९ |
| | ६० र माथि | १ | १ | ० | १ | ३ |
| जम्मा | | ४८ | ६१ | ४७ | ३४ | १९० |

स्रोतः स्थलगत अध्ययन

सरकारबाट निर्धारण गरिएको छात्रवृत्तिमा विद्यालयमै पनि चलखेल हुने तथा यथा समयमा केहि विद्यालयहरुमा जानकारी नदिने गरिएको गुनासो भए पनि सिबिआर समितिको सक्रियतामा हाल अपाङ्गता भएका छात्रछात्राले छात्रवृत्ति पाइरहेको पाइयो जुन टेबुल ३.१. मा उल्लेख छ । त्यसैगरि

सिबिआर कार्यक्रम सञ्चालन भएको क्षेत्रमा बालबालिकाहरुको आवश्यकता अनुरुप विद्यालय शिक्षामा पहुँच बढाउन सहयोग भएको पाईयो जुन तलको टेबुलले स्पष्ट गरेको छ ।

टेबुल ३.४. सिबिआर कार्यक्रम सञ्चालन भएको आधारमा अपाङ्गता भएका बालबालिकाहरुको शैक्षिक स्तर

| शैक्षिक स्तर | सिबिआर सञ्चालन भएको | सिबिआर सञ्चालन नभएको |
|---|---|---|
| निरक्षर | २६ | २२ |
| आधारभूत | ३७ | २४ |
| माध्यामिक | २२ | २५ |
| उच्च माध्यामिक | १२ | २२ |

स्रोतः स्थलगत अध्ययन

समग्रमा, अपाङ्गमैत्री शैक्षिक क्षेत्र बनाउन तथा छात्रवृत्ति जस्ता सेवा सुविधामा पहुँचका लागि पहल गर्नमा भने संस्थाहरूले गरेको पहल तारिफयोग्य छ । अपाङ्गता भएका बालबालिकाहरुको शिक्षामा पुगेको पहुँचलाई सुधारात्मक रुपमा लिन सकिएता पनि भौगोलीक विकटताको कारणले विध्यालय जाने उमेरका अपाङ्गता भएका बालबालिकाहरुको शिक्षामा सिबिआर कार्यक्रमले खासै सकारात्मक प्रभाव पारेको पाईंदैन । यस स्थितिको सुधारकालागी अब सबै स्थानिय तहले आ-आफ्नो समुदायमा रहेका अपाङ्गता भएका बालबालिकाहरुलाई स्तरयुक्त समावेशी शिक्षा प्रदान गर्न नितिगत र व्यवहारिक कार्यक्रम लागू गर्नु पर्दछ जसबाट दिगो बिकास लक्षको चौथो लक्ष पुरा गर्न सकारात्मक मद्दत पुग्दछ ।

## ३.२. स्वास्थ्यः

अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्यसँग सम्बन्धित हक अधिकार विविध आयामहरु संग जोडिएको हुन्छ। उनीहरूलाई स्वास्थ सेवा सुलभ र पहुँचयुक्त रुपमा उपलब्ध गराउन सरकारी

अस्पतालले महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने हुन्छ । तर सरकारी अस्पतालमा अपाङ्गता भएका व्यक्तिहरूले आफूले अपेक्षा गरेजस्तो व्यवहार पाएका छैनन् । चिकित्सकहरूले पुरा व्याख्या नगरी औषधि लेखिदिने र लेखिदिएको औषधि निःशुल्क उपलब्ध हुने औषधीको सुचिमा नपर्ने भएकोले अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिक रुपमा समस्या छ । यदि सुचिमा परेको औषधि चिकित्सकको पर्चीमा परेछ भने पनि अस्पतालमा त्यो औषधि नहुने अवस्था छ । अपाङ्गता भएका व्यक्तिका स्वास्थ्य सम्बन्धि अधिकारको बारेमा जानकारी भएका व्यक्तिले भने चिकित्सक संग कुरा गरेर केही सहज अवस्था बनाइदिन सक्छन तर जानकारी नभएका व्यक्ति सिधै चिकित्सककोमा जांदा विभिन्न समस्याहरू पर्ने गरेको छ । सिबिआर कार्यक्रम सञ्चालन भएका गाविसमा कतिपय अपाङ्गता भएका व्यक्तिले सिबिआर समितिको पदाधिकारीले अस्पताल वा स्वास्थ्य चौकिमा सहजीकरण गर्ने गरेको पाइयो जुन सिबिआर कार्यक्रमको सकारात्मक परिणाम मानिन्छ। यसको विपरित सिधै अस्पताल जानेहरूले अस्पतालमा चुनौतिको सामना गरिरहेका छन् । कृतिम अंग र सहायक सामाग्रीको अभावमा कतिपय अपाङ्गता भएका व्यक्तीहरु स्वास्थ्य सेवा र अन्य अधिकारको उपभोगको अवसर बाट समेत बन्चित भै रहेको पाईयो ।

टेबुल ३.५. अपाङ्गता भएका व्यक्तीहरुको सहायक सामग्रीमा पहुँच र सिबिआर सञ्चालनको अवस्था

| प्रयोग गर्नुहुने सहायक सामाग्रीको नाम के हो | सिबिआर सञ्चालन भएको | सिबिआर सञ्चालन नभएको |
|---|---|---|
| व्हिलचेयर | १६ | ७ |
| बैसाखी | १० | ११ |
| एल्बो क्रचेज | ७ | ४ |

| | | |
|---|---|---|
| कृतिम अंग | ४ | १ |
| क्यालिपर | ० | २ |
| स्रवण यन्त्र | ५ | ८ |
| सेतो छडी | १६ | १९ |
| अन्य | ३ | ८ |

स्रोतः स्थलगत अध्ययन

अपाङ्गता भएका व्यक्तिहरूलाई उपचार सेवा उपयोग गर्न समेत सहायक सामाग्री र सहायता सेवाको आवश्यकता हुने गर्दछ जुन उनिहरुको मौलिक अधिकार भित्र समेत पर्दछ । त्यसकारण पनि अपाङ्गता भएका व्यक्तिको स्वस्थ्य सेवा प्राप्त गर्ने सन्दर्भमा परेको सबै प्रकारका कठिनाइ वा देखापरेको समस्या हटाउन सिबिआर कार्यक्रम बढि मात्रामा प्रभावकारी भएको विष्लेशण गर्न सकिन्छ ।

सिबिआर कार्यक्रम सञ्चालन निर्देशिका अनुरुप उपचारजन्य सेवा आवश्यकता भएका व्यक्तिलाई स्वास्थ्य जाँच गराउन तालिम प्राप्त सिबिआर कार्यकर्तालाई निर्दिष्ट गरेको छ । उपचार सेवा अन्तर्गत स्वास्थ्य जाँच गराउने र उपचार सेवा उपलब्ध गराउन सघाउने दुई सहायक क्रियाकलाप निर्देशिकामा उल्लेख भए पनि यसको कार्यान्वयन पक्षमा मुख्यतः तिनवटा चुनौती रहेको पाईयो। पहिलो स्थानीय स्तरमा तालिम प्राप्त सिबिआर कार्यकताको (फिजियो थेरापिस्ट) अभाव, दोस्रो स्वास्थ्य जाँच गराउन लाग्ने आर्थिक स्रोतको अभाव र सहायक सामाग्री र सहयोगी सेवाको अभाव । यी समस्याको बावजुद पनि सिबीआर कार्यक्रम कार्यान्वयन गर्न तोकिएको संस्थाहरूले अन्य सरोकारवाला अभिभावकहरु समेतका संस्थाहरुको सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरूको उपचार सेवाका लागि गरेको पहल र सहायता सेवाको प्रयास सराहनीय छ ।

टेबुल ३.६. अपाङ्गता भएका व्यक्तीहरुका लागी  साहायता सेवा कसरी र सिबिआर सञ्चालनको अवस्था

| सहयोगी चाहिन्छ भने अक्सर कसले सहयोग गर्नुहुन्छ? | सिबिआर सञ्चालन भएको | सिबिआर सञ्चालन नभएको |
|---|---|---|
| आमा/बुबा | ४३ | ३८ |
| दाजू भाई | ३८ | २१ |
| केयरटेकर | ४ | २ |
| पति/पत्नी | ३६ | ३५ |
| छोरा/छोरी | २६ | १४ |
| अन्य | ५ | २ |

स्रोतः स्थलगत अध्ययन

सिबिआर सञ्चालन भएको क्षेत्रमा सहयोगि सेवा सिबिआर कार्यक्रम सञ्चालन नभएको क्षेत्रमा भन्दा प्रभावकारी देखिएको छ । आफूकहाँ आएका अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य केन्द्रसम्म पुर्याएर उपचार सेवा उपलब्ध गराउन सघाउने सरोकारवाला संस्थाहरूले गरेको पहल उत्कृष्ट छ ।

## ३.३. जीविकोपार्जन:

दक्ष कामदारकै लागि पनि नेपालमा चरम बेरोजगारिका कारण जीवनयापन चुनौतिपूर्ण छ भने अपाङ्गता भएका व्यक्तिहरूलाई जिवनयापनका अवसरहरु ज्यादै कम उपलब्ध छन् । उनिहरुले व्यवसायिक तालिम लिई आयआर्जनतर्फ उन्मुख नभएसम्म स्वावलम्वी जिवन जिउने सम्भावना चुनौति पुर्ण रहन्छ । अध्ययनमा प्राप्त तथ्यांक अनुसार सिबिआर सञ्चालन भएका क्षेत्रमा (५४.५) प्रतीशत अपाङ्गता भएका ब्यक्तीहरुले कुनै न कुनै जिवनयापनको अवशर प्राप्त गरेको पाईन्छ भने यो संख्या सिबिआर सञ्चालन नभएका क्षेत्रमा मात्र (४५.५) प्रतिशत रहेको छ ।

यसै कुरालाई विष्लेशण गर्दा सिबिआर कार्यक्रमले व्यवसायिक तालिम र आयआर्जन व्यवस्था सम्बन्धी मुख्यत स्थानीय स्तरमा उपयोगी व्यवसायिक सीप सिक्ने अवसर प्रदान गर्ने, सरकारी र गैरसरकारी निकायका सीपमूलक कार्यक्रममा समावेश गराउन सहयोग गर्ने र स्वावलम्बी समूहमा सिबिआर कोष सञ्चालन गरी व्यवसाय सञ्चालन गराउन लघु ऋण प्रदान गर्ने तीन व्यवस्था गरेको कुरा प्रभावकारी छ । तलको तालिकाले अपाङ्गता भएका व्यक्तीहरुको जिवनयापनका बिधिहरु सिबिआर सञ्चालन भएका र नभएका क्षेत्रमा तुलनात्मक विष्लेशण गरेको छ ।

टेबुल ३.७. सिबिआर सञ्चालन भएका र नभएका क्षेत्रमा अपाङ्गता भएका व्यक्तीहरुका रोजगारिका विधि-

| व्यवसाय वा रोजगारीको बिधि | सिबिआर सञ्चालन भएको | सिबिआर सञ्चालन नभएको |
|---|---|---|
| कृषि व्यापार | २५ | १२ |
| सेवा | ३ | १ |
| घरेलु उद्योग | ६ | ४ |
| शिक्षण | ७ | ९ |
| मजदुरी | २ | ० |
| यातायात | ० | १ |
| अन्य | ५ | ४ |

स्रोतः स्थलगत अध्ययन

यहाँ सिबिआर सञ्चालन नभएका भन्दा भएका क्षेत्रमा अपाङ्गता भएका व्यक्तीहरुको रोजगारीको अवस्था उल्लेखनिय रहेको छ । तुलनात्मक  रुपमा स्थानीय स्तरमा उपयोगी व्यवसायीक सीप सिक्ने अवसर प्रदान गर्ने, सरकारी र गैरसरकारी निकायका सीपमूलक कार्यक्रममा समावेश गराउन सहयोग गर्ने कुरामा सिबिआर कार्यक्रम कार्यान्वयन गर्ने चयन भएका संस्थाहरूले गरेको

काम प्रभावकारी छ । त्यसैगरी स्वावलम्बी समूहमार्फत सिबिआर कोष सञ्चालन गरी व्यवसाय सञ्चालन गराउन लघु ऋण प्रदान गर्ने कार्यमा पनि संस्थाहरूले गरेको काम प्रशंसनिय छ । यसरी समूह बनाएर सहयोग गर्दा कार्यक्रमले निरन्तरता पनि पाउँछ, सदस्यहरूले आफ्ना अनुभव आदान प्रदान गर्ने सन्जाल पनि पाउँछन् अनि उनीहरूले आम्दानी पनि गर्न पाउँछन् ।

सिबिआर कार्यक्रम अन्तर्गत दिईने बिऊ पुँजीको रकम थोरै भए पनि यसले जिविकोपार्जनमा दिने परिणाम सकारात्मक छ । व्यवसायिक तालिम र आय आर्जन सिबिआर कार्यक्रमको प्रभावकारी सुचक मानिएको छ ।

टेबुल ३.८. सिबिआर सञ्चालन भएका र नभएका क्षेत्रमा अपाङ्गता भएका व्यक्तीहरुलाई प्राप्त बैंकिङ् सेवा

| बैंकिंङ सेवा | सिबिआर सञ्चालन भएको | सिबिआर सञ्चालन नभएको | जम्मा |
|---|---|---|---|
| खाता सञ्चालन | ५० | ४३ | ९३ |
| बैंक अथवा सहकारी बाट ऋण लिएको | ३० | १८ | ४८ |

स्रोतः स्थलगत अध्ययन

सिबिआर समितिमा अथवा सरोकारवाला निकायको सम्पर्कमा रहने व्यक्तिले बीउ पूँजि मार्फत ऋण लिई सानोतिनो व्यवसाय गरी आफैं वा अपाङ्गता भएका आफ्नो परिवारको सदस्यलाई जीवनयापनमा सहयोग गरेको पाइयो । अध्ययनको क्रममा यसरी ऋण लिएका व्यक्तीहरुले बैंकिङ् सेवा उपयोग गरेको समेत पाईयो जुन आर्थीक विकासकालागी ज्यादै नै महत्वपुर्ण मानिन्छ ।

सिबिआर निर्देशिकाले निर्देश गरे अनुरुपअपाङ्गता भएका व्यक्तिहरूको सर्वाङ्गिण विकासका लागि सिबिआर कार्यक्रमले जनशक्ति र नेतृत्व विकास, समन्वय, समूह तथा सञ्जाल विकास लगायत

अन्य क्रियाकलाप पनि सञ्चालन गर्नु पर्ने हुन्छ जस्ले आर्थिक विकासमा योगदान पुर्याँउछ । स्थानिय रुपमा सम्बन्धित सरोकारवालाहरूलाई सिबिआर बारे उत्प्रेरित गरी यस सम्बन्धी विविध तहगत तालिम दिइ सञ्जालमा आबद्ध गर्नका साथै सामुदायिक कार्यकर्तालाई सिबिआर सम्बन्धी जनचेतना तथा सीपमूलक तालिमहरू दिनु पर्ने हुन्छ। तर यी दुबै गतिविधिहरू गर्न तालिम प्राप्त स्रोत व्यक्ति चाहिने तथा तालिम दिन प्रयाप्त स्रोत साधन चाहिने हुँदा यो क्रियाकलापमा अपेक्षित सफलता हासिल गर्न सकीएको पाँइदैन।

संक्षेपमा सिबिआर निर्देशिकाले निर्दिष्ट गरेका विभिन्न गतिविधिहरू मध्य तालीम, सहायक सामग्री वितरण, स्रोत साधन र विशेषज्ञता चाहिने क्रियाकलापहरूमा कार्यक्रम अपेक्षीत रुपमा सफल र प्रभावकारी हुन सकेको छैन तर साधरण परामर्श दिने, चेतनामूलक कार्यक्रम, समन्वयकारी क्रियाकलापमा भने कार्यक्रम अपेक्षित रुपमा सफल भएको पाइन्छ ।

## ३.४. सामाजिक विकास:

अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकारको सम्मान गर्ने हो भने उनिहरुलाई अविभेदको सिध्दान्त बाट संरक्षण गरी आफ्नै समुदायमा सम्मान पुर्वक बाँच्ने वातावरण सृजना गर्नु पर्दछ जस्ले गर्दा अपाङ्गता समावेशी विकासको लक्ष्य पुरा गर्न मद्दत पुग्दछ ।

कुनै पनि अपाङ्गता भएका व्यक्ति घर, परिवार, समाजमा उपेक्षित भइरहेको छ भने पारिवारीक तथा सामाजिक रुपमा उनिहरुलाई सकृय सहभागी गराउन चुनौतिपुर्ण हुन्छ । अविभेदी कानुन बनाई राज्य तथा गैर राज्य पक्षबाट पाउनुपर्ने न्यायमा उनीहरूको पहुँच बढाएर उनिहरूलाई परिवार र समाजमा मर्यादित जीवनयापन गराउनु सिबिआर कार्यक्रमको उद्देश्य रहेको छ । यस सन्दर्भमा स्वाबलम्बी संघसंस्थाहरुले खेलेको भूमिका प्रभावकारी पाइयो । जसले अन्तत अपाङ्गता भएका व्यक्तिको बिरुद्ध गरिने दुर्व्यवहार न्युनिकरण गराउन सघाउ पुर्याइरहेको छ ।

टेबुल ३.९. सिबिआर सञ्चालन भएका र नभएका क्षेत्रमा अपाङ्गता भएका व्यक्तीहरुले भोगिरहेका विभेदको अवस्था

| बिभेदको तरिका | सिबिआर सञ्चालन भएको | सिबिआर सञ्चालन नभएको |
|---|---|---|
| नक्कल वा ठट्टा | ३८ | २८ |
| एक्ल्याएर | २४ | २५ |
| निन्दा वा गाली वा दुर्व्यवहार गरेर | १४ | १६ |
| रोकावट वा निषेध गरेर | १७ | १५ |
| अपाङ्गतालाईनकारात्मक विष्लेशणको प्रयोग गरेर | ६ | ७ |
| अन्य तरिकाले | १० | १२ |

स्रोतः स्थलगत अध्ययन

दिगो विकासको लक्ष्य हासिल गर्न अपाङ्गता भएका ब्यक्तीहरुको पारिवारिक तथा सामाजिक सहभागिता मुख्य आधार हुन् । यसले अपाङ्गता समावेशी विकासको मान्यता अनुसारसामाजिक तथा साँस्कृतिक क्रियाकलापहरूमा अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका परिवारको सहभागिता बढाउन भुमिका निर्वाह गर्दछ ।

परिवार तथा समुदायमा अपाङ्गता भएका व्यक्तिहरूको बारेमा गरिने निर्णयहरूमा उनीहरूको सहभागिता बढाउने कार्यमा सिबिआरको निर्देशिका अनुसार अधिवाचन, सचेतना र जनचेतनासँग सम्बन्धित क्रियाकलाप भएकोले सिबिआर कार्यक्रम कार्यान्वयन गर्न जिम्मेवारी पाएको संस्थाहरूले गरेको काम प्रशंसनीय छ।

टेबुल ३.१०. सिबिआर सञ्चालन भएका र नभएका क्षेत्रमा अपाङ्गता भएका व्यक्तीहरुको सामाजिक सहभागिता

| सामाजिक सहभागिता | सिबिआर सञ्चालन भएको | सिबिआर सञ्चालन नभएको |
|---|---|---|
| सहकारी | ४ | ० |
| उपभोक्ता संघ/संस्था | ५ | ३ |
| अपाङ्गता सम्वन्धीस्वावलम्बी संस्था | २९ | २७ |
| अपाङ्गता सम्वन्धीसेवा प्रदायक संस्था | १० | ४ |
| धार्मिकसंघ/संस्थामा | २ | १ |
| सरकारी/गैरसरकारीसंस्था | ५ | २ |
| शैक्षिक | १० | ३ |

स्रोत: स्थलगत अध्ययन

सिबिआर कार्यक्रमको मुल उद्देश्य नै अपाङ्गता भएका व्यक्तिलाई आफ्नै समाजमा पुनर्स्थापना गराउनु हो । समाजमा पुनर्स्थापना गर्दा परिवार, समाज, सँस्कृति, सम्बन्ध, मनोरञ्जन र न्यायको प्रत्याभुती हुनु पर्दछ । सिबिआर कार्यक्रम सञ्चालन भएका क्षेत्रमा अपाङ्गता भएका व्यक्तिले विभिन्न संयन्त्रहरुमा सहभागि भएर आफ्नो समस्या सम्बन्धित निकायमा समेत राखेर लाभान्वित भएको पाइयो । पारिवारिक तथा सामाजिक रुपमा नै सम्बन्धीत सबैलाई अपाङ्गता समावेशी अवधारणाको बारेमा सचेत गराएको पाईयो। न्यायमा पहुँचकालागी यस्ता संस्थाले गरिराखेको कार्य सराहनिय छ जुन सिबिआर सञ्चालन भएका गाविसहरुमा बढी प्रभावकारी देखियो ।

टेबुल ३.११. सिबिआर सञ्चालन भएका र नभएका क्षेत्रमा अपाङ्गता भएका व्यक्तीहरुको पारिवारीक निर्णयमा सहभागिता

| परिवारमाभएको निर्णयकारी भूमिका | सिबिआर सञ्चालन भएको | सिबिआर सञ्चालन नभएको |
|---|---|---|
| आर्थिक परिचालन | ६१ | २३ |
| वैवाहिक | ५४ | २९ |
| सामाजिक तथासाँस्कृतिक | ६२ | २२ |
| शिक्षा | ५५ | २८ |
| स्वास्थ्य | ५६ | २८ |
| अन्य | ४० | ४३ |

स्रोत: स्थलगत अध्ययन

पारिवारिक रुपमा समेत सिबिआर कार्यक्रमले अपाङ्गता भएका सदस्यहरुलाई भुमिका प्रदान गर्न सकेको पाईयो । वास्तवमा भन्ने हो भने सिबिआर कार्यक्रमले कति अपाङ्गता भएका व्यक्तिहरूलाई समेट्न सक्छ भन्ने कुरा महत्वपुर्ण छ किनकी यसले उनीहरूमा सकारात्मक भावनाको विकास गर्न सहयोग पुर्याउँछ । त्यसकारण पनि सिबिआर कार्यक्रम सराहनीय छ तर यो अवधारणालाई सकेसम्म सबै तहमा समावेशी विकासको अवधारणा अनुसार बिस्तार गर्नु जरुरी छ ।

३.५. सशक्तीकरण:

नेपालले समेत अनुमोदन गरी पक्षराष्ट्र बनिसकेको "अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि संयुक्तराष्ट्रसंघिय माहासंधी" (Convention on the Rights of Persons With Disabilities) को सिद्धान्त तथा विश्व स्वास्थ संगठनको सिविआर मापदण्ड अनुसार अपाङ्गता भएका व्यक्तिहरुलाइ सशक्तिकरण गरी समान अवसर प्रदान गर्ने कुरा उल्लेख गरेको छ ।

सिबिआर कार्यक्रमको मूख्य उद्देश्य भनेको क्रियात्मक क्षमता कम भएका वा नभएका व्यक्तिहरूलाई उनीहरूको क्रियात्मक क्षमताको अधिकतम विकास गराई उनीहरूमा अधिकतम आत्मनिर्भरता अभिवृद्धि गराउँदै समान अवसर प्राप्तिका लागि उचित वातावरण तयार गर्नु हो । जसअन्तर्गत सिबीआर कार्यक्रम कार्यान्वयन गर्न तोकिएको संस्थाहरूले क्रियात्मक क्षमताको अभिवृद्धिका लागि अभ्यास एवं तालिम गराउने, घरमा अपांङ्गमैत्री संरचना बनाउन सहयोग गर्ने, सहायक सामग्री उपलब्ध गराउन पहल गर्ने र साङ्केतिक भाषा, ब्रेल लिपि आदिको तालिमका लागि समन्वय गर्ने काम गर्नका लागि निर्देशिकाले निर्देश गरेको छ । आफु सशक्त भएमा कुनै पनि अपाङ्गता भएका व्यक्तीहरु निसंकोच सामाजिक र सांस्कृतिक कृयाकलापहरुमा सहभागी हुन्छन भन्नेकुरा तलको तालिकाले पुष्टी गर्दछ ।

टेबुल ३.१२. सिबिआर सञ्चालन भएका र नभएका क्षेत्रमा अपाङ्गता भएका व्यक्तीहरुको साँस्कृतिक समावेशीकरण

| सामाजिक एवं मनोरन्जनात्मक कृयाकलापमा सहभागीता | सिबिआर सञ्चालन भएको | सिबिआर सञ्चालन नभएको |
|---|---|---|
| भोजभतेर | ९३ | ९२ |
| खेलकुद | ८२ | ५६ |
| जात्रामा जाने | ७७ | ७१ |
| आफन्त काहाँ जाने | ९८ | ७२ |
| साँस्कृतिककार्यक्रममा | ८९ | ८७ |
| गायन/नृत्यप्रदर्शन | ८५ | ७९ |
| पर्यटकिय भ्रमण | ३७ | ३१ |
| चाडपर्व, पूजाआजा आदिमा | ९२ | ८९ |

स्रोत: स्थलगत अध्ययन

सशक्तीकरण गराउनकालागी सिबिआर कार्यकर्ताहरूले अपाङ्गता भएका व्यक्तीहरुलाई आवश्यक फिजियो थेरापी, भौतिक पहुँचयुक्तता, साँकेतिक भाषा, ब्रेल लिपिसम्बन्धी तालिम एवं दैनिक जीवन सम्पादन सम्बन्धी क्रियाकलापहरूको अभ्यास र तालिम गराउनु पर्ने कुरा निर्देशीकामा उल्लेख गरेको छ । सिबिआर कार्यक्रका लागि छुट्याइएको रकमले यो सब कार्य गर्न सम्भव छैन । लम्जुङ्ग जस्ता जिल्लामा केही शुल्क लिएर वा नलिई आफ्नै कार्यालयमा यस्ता कार्यक्रम नभइरहेको भने होइन तर कतिलाई त्यस्तो सुविधा दिन सकिन्छ भन्ने प्रश्न अहम् हो । त्यसैले पनि क्रियात्मक क्षमता अभिवृद्धिका लागि अभ्यास एवम् तालिम गराउने कुरामा सिबिआर कार्यक्रम कार्यान्वयन गर्न तोकीएको संस्थाहरूको भूमिका आर्थिक स्रोतको अभावमा सन्तोषजनक छैन ।

त्यस्तै घर वा सार्वजनिक स्थलमा अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने भौतिक तथा अन्य वातावरणलाई मैत्रीपूर्ण वनाउन सहयोग गर्ने भन्ने कुरा पनि स्रोत साधनको अभावमा निर्देशिकाले निर्देश गरे अनुरुप भएको छैन । तर सहायक सामग्रीहरू उपलब्ध गराउन तथा साङ्केतिक भाषा, व्रेल लिपि आदि सम्बन्धी तालिम लिन चाहने वा सोको अवश्यकता भएका व्यक्तिहरूलाई यस्तो तालिम उपलब्ध गराउने पहल अथवा समन्वय गराउने कुरामा भने सिबिआर कार्यक्रम कार्यान्वयन गर्न तोकिएको संस्थाहरूको पहल उल्लेखनीय छ । नेपाल सरकारको सिबिआर कार्यक्रम चलाउने संस्थाको प्रयासले मानव निर्मित भौतिक संरचनाहरु केही हद सम्म भएपनि पहुँचयुक्त बनाउने प्रयास भएको छ ।

टेबुल ३.१३. सिबिआर सञ्चालन भएका र नभएका क्षेत्रमा सार्वजनिक स्थलहरुको भौतिक पहुँचयुक्तताको अवस्था

| भौतिक संरचनामा पहुँचयुक्तताको अवस्था | सिबिआर सञ्चालन भएको | सिबिआर सञ्चालन नभएको |
|---|---|---|
| विद्यालय वा कलेज | ७४ | ७० |
| सरकारी भवनहरु | ७३ | ७२ |
| सामुदायीक भवन | ७३ | ६९ |
| रोजगारी स्थल | ४९ | ३२ |
| अस्पताल | ७५ | ७१ |
| सडक | ७३ | ७० |
| अन्य | ६५ | ३८ |

स्रोतः स्थलगत अध्ययन

उत्तरदाताको अभिमतबाट के पाइयो भने कार्यक्रमले समेटेका व्यक्तिहरू तालिकामा उल्लेखित सबै विषयहरूमा कार्यक्रमले नसमेटेका व्यक्तिभन्दा अगाडि रहेको पाइयो । यो तथ्यले के स्पष्ट पार्छ भने सिबिआर कार्यक्रमको सम्पर्कमा रहेका व्यक्तिहरू आफ्नो हक अधिकारको बारेमा जागरुक हुने कुरामा होस वा राज्यबाट सहयोग लिने कुरामा होस्, कार्यक्रमको सम्पर्कमा नभएका व्यक्तिभन्दा अगाडि छन् । उनीहरूले आफूलाई आपत् पर्दा सहयोगका लागि सम्पर्क गर्ने निकायको बारेमा समेत केही बढि जानकारी राखेका छन् । साथै सिबिआर कार्यक्रमको सम्पर्कमा रहेर बीउ पूँजी लिएर अथवा व्यवसायिक तालिम तथा परामर्श लिएर उनीहरूले आम्दानी केही हदसम्म भए पनि बढाइरहेका छन् । यो तथ्यले पनि सिबिआर कार्यक्रमको महत्वलाई प्रष्ट पार्दछ ।

अध्ययनले देखाए अनुशार सिबिआर कार्यक्रम सञ्चालन भई कार्यक्रमले नसमेटेका उत्तरदाताहरू सिबिआरकार्यक्रम सञ्चालन नै नभएका गाविसका उत्तरदाताभन्दा धेरै कुरामा सकृय रहेको

पाईयो । आफुलाई विभेदमा परेको महशुस भएको अवस्थामा न्यायिक निकायमा समेत उजुरी गरेको पाईयो जुन तलको तालिकाले स्पष्ट गर्दछ ।

टेबुल ३.१४. सिबिआर सञ्चालन भएका र नभएका क्षेत्रमा अपाङ्गता भएका व्यक्तीहरुलाई न्यायमा पहुँचको अवस्था

| न्याईक निकायमा गरिएको बिभेदको उजुरी | सिबिआर सञ्चालन भएको | सिबिआर सञ्चालन नभएको | जम्मा |
|---|---|---|---|
| उजुरि गरेको छ | १० | १२ | २२ |
| उजुरि गरेको छैन | ३७ | ३४ | ७१ |
| जम्मा | ४७ | ४६ | ९३ |

स्रोत: स्थलगत अध्ययन

अध्ययनको महत्वपूर्ण उद्देश्य भनेको कार्यक्रमले समेटेका र नसमेटेका व्यक्तिकाबीचमा रहेको फरक छुट्याउनु थियो ।  कार्यक्रमले समेटेका ९३ जना र कार्यक्रमले नसमेटेका ९७ जना गरी कूल १९० जना उत्तरदाताबीचमा अनुसुची १ को तालीकामा उल्लेख भएका प्रश्नहरू सोधिएको थियो। यसबाट कार्यक्रम सञ्चालन भई कार्यक्रमको अनुशिक्षणमा अपाङ्गता भएका व्यक्ति अथवा उनीहरूको परिवारका सदस्यमात्र भए पनि भाग लिएको खण्डमा राज्यबाट पाउने सुविधाबारे सुसूचित भई आवस्यक प्रक्रियाहरू अपनाई समयमै सुविधाहरू लिएको पाइयो । जनचेतना र सूचनाको अभाव र सचेत र शिक्षित व्यक्तिको सङ्गत नभएका व्यक्तिहरू कार्यक्रम सञ्चालन भएकै गाविसका बासिन्दा भएर पनि राज्यबाट सुविधा लिन नसकिरहेको पाइयो । गाँउ/नगर स्तरको सिबिआर समितिमा निरन्तर सम्पर्कमा रहने अपाङ्गता भएका व्यक्ति तथा परिवार भने राज्यबाट पाउने सुविधाबारे सुसूचित रहेको पाइयो । अपाङ्गता परिचयपत्र बनाएर हरेक वर्ष पौष मसान्त भित्र सम्बन्धित निकायमा पठाइ सक्नेले मात्र त्यसको ६ महिना पछि अर्थात नयाँ आर्थिक वर्ष सुरु भएपछि मात्र सरकारी आर्थिक सहायता पाउने प्रावधान छ । तर सिबिआर कार्यक्रमको सम्पर्कमा आउन

नसकेका व्यक्तिहरूलाई अपाङ्गता भएका व्यक्तिको परिचयपत्र बनाउनु पर्छ भन्ने सामान्य जानकारी समेत नभएको प्रशस्त उदाहरणहरू पाइयो ।

नेपालले अन्तराष्ट्रीय समुदाय समक्ष गरेको प्रतीबद्धता अनुसार दिगो विकास लक्ष्यको अपाङ्गता सुचकहरु सन् २०३० सम्ममा हासिल गर्न अपाङ्गता भएका व्यक्तीहरुको सामाजिक सहभागितालाई मुख्य आधार बनाउनु पर्दछ । सिबिआरको अवधारणालाई "अपाङ्गता समावेशी विकास" (असवि) को मान्यता अनुसारआर्थिक, सामाजिक तथा साँस्कृतिक क्रियाकलापहरूमा अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका परिवारको सहभागिता प्रबर्द्धन गर्नु पर्दछ । स्थानिय तहमा नै अपाङ्गता भएका व्यक्तीहरुको शिप र सृजनालाई विकास निर्माण प्रकृयामा समावेशि गराउनु पर्दछ ।

## परिच्छेद ४:

## ४. गुणात्मक विश्लेषण (**Qualitative Analysis**)

### ४.१ सिबिआर कार्यक्रमको औचित्य, प्रभावकारिता, कार्यदक्षता र दिगोपना को विश्लेषण

सिबिआर कार्यक्रमको प्रभावकारिता मापन गर्न तयार पारिएको प्रश्नावलीमा आधारित रहेर कार्यक्रमको औचित्य, प्रभावकारिता, कार्यदक्षता र दिगोपनाको लेखाजोखा गरिएको थियो । सिबिआर निर्देशिका अनुरुपका क्रियाकलापहरू सिबिआर कार्यक्रम अन्तर्गत कुन हदसम्म सञ्चालन भइरहेका छन् भन्ने कुराको प्रभावकारिता विष्लेशण गर्नु यो अध्ययनको महत्वपूर्ण क्षेत्र हो । सिबिआर कार्यक्रम सञ्चालन निर्देशिका अनुरुप अपाङ्गता भएका व्यक्तिहरूको सर्वाङ्गीण विकास र प्रवर्धनका लागि सञ्चालन गरिने क्रियाकलापमा तथ्याङ्क तथा विवरण सङ्कलन, जनचेतना सम्बन्धी कार्यक्रम, विस्तृत लेखाजोखा, परामर्श सेवा, उपचार सेवा, पुनर्स्थापना सेवा, शिक्षामा पहुँच, व्यावसायिक तालिम र आयआर्जन व्यवस्था, पारिवारिक तथा सामाजिक सहभागिता, जनशक्ति र नेतृत्व विकास, समन्वय एवं सन्जाल जस्ता दशवटा मुख्य कार्यक्षेत्रहरू तोकिएको छन् । सिबिआरको उद्देश्य परिपूर्तिका लागि यी क्रियाकलापहरू मूलतः समन्वयकर्ता, सामुदायिक कार्यकर्ता र सामाजिक परिचालकले सम्पादन गर्ने गर्दछन् । यी तीनै पदहरू कार्यक्रम कार्यान्वयन गर्न चयन भएका अपाङ्गता भएका व्यक्तीहरु द्वारा सञ्चालीत संस्थाको समन्वय र नियन्त्रणमा रहने पदहरू हुन् । त्यसकारण पनि कार्यक्रम कार्यान्वयन गर्न तोकिएको स्थानीय स्वावलम्वी संस्थाले कुन हदसम्म कार्यक्रम सञ्चालन गरेका छन् भन्ने जानकारी लिन सिबीआर कार्यक्रम सञ्चालन गरिरहेका संस्थाले अनुशिक्षण कार्यक्रममा प्रस्तुत गरेको प्रतिवेदन, तिनका गतिविधि, संरचना लगायतको अवलोकन गरी उनीहरूले गर्ने गरेको सिबिआर क्रियाकलापहरूको स्तर निर्धारण गरी परिणामात्मक तथ्याङ्क लिइएको थियो । जसलाई अध्ययनको क्रममा अन्तवार्ता, केन्द्रित समूह छलफल र अवलोकन पद्धतिको सावधानीपूर्वक संयोजन गरी गहन विश्लेषण गरी निश्कर्ष निकालिएको थियो । त्यस्तै कार्यक्रम सञ्चालन गर्ने संस्थालाई उनिहरूले सञ्चालन गरेको

कार्यक्रमको स्वप्रभावकारिता मुल्यांकन गर्न दिइएको थियो । जिल्लागत तहमा कार्यक्रमलाई अनुगमन गर्ने महिला विकास अधिकृतलाई पनि जिल्लामा सञ्चालित सिबिआर कार्यक्रमको प्रभावकारिता बारे प्रश्नावली सोधिएको थियो । यसरी अध्ययनकर्ता, महिला विकास अधिकृत र कार्यक्रम सञ्चालन गर्ने संस्थाले निर्देशित गतिविधि अन्तर्गतको सहायक गतिविधिमा उल्लेख गरेको उत्तरलाई संयोजन गरी अन्तिम निश्कर्ष निकालिएको थियो । जसको परिणाम निम्नानुसार रहेका छन्।

(क) औचित्य

सिबिआर कार्यक्रमको औचित्य छ कि छैन भन्ने कुराको वास्तविक लेखाजोखा सिबिआर कार्यक्रममा भाग लिनेले मात्र सही ढङ्गले गर्न सक्छन् । यही कुरालाई मध्यनजर राख्दै उत्तरदाता समक्ष अपाङ्गता समावेशिकरण सम्बन्धी प्रश्न सोधिएको थियो । यसरी विश्लेषण गर्दा सिबिआर कार्यक्रमको औचित्य प्रमाणित हुनेगरी उत्तर प्राप्त भएको छ जुन वास्तवमा अत्यन्तै सन्तोषजनक देखिन्छ ।

जीविकोपार्जनको सम्बन्धमा भने बीउ पूँजि पाएर व्यवसाय गर्नेहरू कार्यक्रमप्रति अत्यन्तै सन्तुष्ट छन् । नपाएकाहरू पनि सिबिआर कार्यक्रमको कारणले चेतना स्तर बृद्धि भई राज्य वा गैर राज्य पक्षबाट लिने सेवा सुविधाहरूमा पहुँच बढाउन पाएकाले आफ्नो जिवीकोपार्जनमा सहयोग पुगेको ठान्दछन् ।

(ख) प्रभावकारिता

प्रभावकारिताको बारेमा अध्ययन गर्न प्रयोग गरिएको कथन “सेवा प्राप्त गर्नु भएको छ?” कार्यक्रम सञ्चालित क्षेत्रमा बढि देखिएको छ। जसको अर्थ हुन्छ सिबिआर कार्यक्रमको स्तर वा गुण राम्रो थियो । प्रभावकारिता गरेका स्थानमा कार्यक्रमबाट लाभान्वित व्यक्ति, तिनको परिवार तथा छरछिमेकीले कार्यक्रमको बारेमा गरेको सकारात्मक टिप्पणिले पनि यो कुरालाई थप प्रष्ट्याउँछ ।

(ग) कार्यदक्षता

सिबिआर कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुको कार्यदक्षता मापन गर्ने निति तथा कानुनको प्रयोग सम्बन्धी चार वटा प्रश्नहरु "के तपाइँ लाई सिआरपिडि को बारेमा थाहा छ?", "के तपाईँलाई सि.बि.आर को बारेमा थाहा छ?", "के तपाईँलाई संबिधानले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको बारेमा समेटेको प्रावधानहरुको बारेमा थाहा छ?" र "के तपाँई आफू सामाजिक रुपमा प्रतिष्ठा महसुश/अनुभव गर्नुहुन्छ?" लाई प्रश्नावलीमा समावेश गरिएको थियो । यि प्रश्नहरु मध्ये चौथो चाँही आत्म स्वाभिमान संग सम्बन्धित छ भने अन्य पहिलो तीन प्रश्नहरुले सिआरपिडि, सिबिआर तथा संवैधानिक प्रावधान सम्बन्धित छ । कार्यक्रमले अपाङ्गता अधिकारको बारेमा सजग हुन सहयोग गरेको कुरा स्पष्ट भएको छ । जसको मतलब सिबिआर कार्यक्रमले अपाङ्गता अधिकारको बारेमा उल्लेखनीय चेतना अभिवृद्धि गरेको निर्क्योल निकाल्न सकिन्छ र त्यस तर्फ संस्थाहरुको कार्यदक्षता भएको मान्न सकिन्छ । फेरी सिबिआर सञ्चालीत संस्थाहरुलाई सालबसाली रुपमा महिला, बालबालिका तथा समाज कल्याण मंत्रालयबाट अनुशिक्षण कार्यक्रम आयोजना गर्ने गरेकोले त्यस्ता संस्थाहरुको सिबिआर कार्यक्रम सञ्चालन गर्ने कार्यदक्षता निरन्तर अभिबृद्धि भएको पाईयो ।

(घ) दिगोपना

समग्रमा कार्यक्रमले दिर्घ रुपमा कार्यक्रमका लाभग्राहीहरुलाई सहायता पुर्याउने कुरामा कार्यक्रमको उपलब्धी के छ भनेर “सहकारिमा सम्लग्नता”, "बिउ पुँजीको प्रयोग", "बैंकिङ सेवा को प्रयोग" भन्ने प्रश्न उत्तरदाता समक्ष राखिएको थियो । यो प्रश्न कार्यक्रमले प्रत्याभुत गर्ने आर्थिक दिगोपना संग जोडिएको छ। वास्तवमा कार्यक्रमबाट प्राप्त शिपको प्रयोग बाट आयआर्जन गरेर सहकारिमा बचत गर्दै जाने हो भने अरुलाई यस्तै प्रयोग सिकाउने कुराबाट सबै व्यक्तिहरू भविश्यको बारेमा सजग भई दिर्घ रुपमा यसलाई प्रयोग गर्न सक्छन् । राज्यबाट पाउने सेवा सुविधालाई पनि

अपाङ्गता भएका व्यक्तिले बचत गर्दै जाने हो भने उनिहरुको परिवार र समाजले हेर्ने दृष्टिकोण सकारात्मक हुन जान्छ।

अपाङ्गता भएका व्यक्तिहरुलाई आफ्नै समुदायमा कृयाशिल गराउनकालागि राज्यद्वारा सञ्चालित कार्यक्रम मध्ये सिबिआर कार्यक्रम एक प्रमूख हो । यद्धपि सीमित स्रोत साधनको कारणमा यो कार्यक्रम अन्तर्गतका निर्देशित क्रियाकलापहरूका केही सहायक गतिविधिहरूले अपेक्षित सफलता हासिल गर्न सकेको छैन । जस्तो कि चेतनामूलक, परामर्श प्रदान, समन्वयकारी गतिविधिमा सिबिआर कार्यक्रमले खेलेको भूमिका अति नै प्रशंसनीय छ तर सहायक सामग्री वितरण र शिपमूलक तालिम प्रदान गर्ने जस्ता जिवनयापन संग प्रत्यक्ष सरोकार राख्ने गतिविधिमा अपेक्षित सफल हुन सकेको छैन । अर्कोतर्फ सिबिआर कार्यक्रम सञ्चालन गर्ने अधिकांश संस्थाले सिबिआर निर्देशीकालाई आधार स्तम्भ नबनाई बजेट विनियोजनलाई मात्र ध्यान दिएको पाईयो यसबाट सिबिआर कार्यक्रम सञ्चालन गर्दा अपेक्षित उपलब्धी हासिल हुन सक्दैन। फेरि संस्थाको नेतृत्व परिवर्तन हुदाँ पनि सिबिआर निर्देशिकाको बारेमा नयाँ नेतृत्व लाई जानकारि नहुन सक्दछ जस्तो कि रसुवा जिल्लाको सिबिआर कार्यक्रम सञ्चालन गर्ने संस्थाका नयाँ पदाधिकारी सिबीआर निर्देशिकाको बारेमा अनविज्ञ रहेको पाइयो भने अन्य जिल्लामा पनि सिबिआर निर्देशीकालाई सिबिआर कार्यक्रम सञ्चालन गर्ने संस्थाले उच्च प्राथमिकतामा राखेर कार्यक्रम गर्ने गरेको पाइएन।

तथ्याङ्क तथा विवरण सङ्कलन

यस क्रियाकलाप अन्तर्गत तीन सहायक क्षेत्रहरू पर्दछन् । जसमा कार्यक्रम सञ्चालन गरिने क्षेत्रका अपाङ्गता भएका व्यक्तिको विस्तृत विवरण सहितको प्रोफाइल बनाउने, तथ्याङ्क सङ्कलन गर्ने र सिबिआर कार्यकर्ता र सरोकारवालाहरुलाई तालिम तथा क्षमता अभिवृद्धि गर्ने क्रियाकलाप रहेका छन् । सिबिआर कार्यक्रमले छुट्याएको रकम अत्यन्तै थोरै भएको र समन्वयकर्ता, सामुदायिक कार्यकर्ता र सामाजिक परिचालकहरू अत्यन्त कम शुल्कमा स्वयंसेवक जस्तै भएर

काम गर्नु पर्ने भएकोले पनि यो कार्य प्रभावकारी रुपमा हुन सकेको छैन । जुन संस्थाले स्थानीय निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाबाट सो कार्य गर्न आर्थिक सहयोग प्राप्त गरेका छैनन, उनीहरूका लागि त्यो कार्य गर्न सिबिआर कार्यक्रमले छुट्याएको खर्च अत्यन्तै न्यून छ । अपांङ्गता विस्तृत लेखाजोखा फाराम छपाइ र स्टेशनरीमै धेरै खर्च हुन्छ अनि सञ्चार र यातायातको खर्च समेत समन्वयकर्ता, सामूदायीक कार्यकर्ता र सामाजिक परिचालक आफैले व्यहोर्नु पर्ने हुन्छ । त्यसमाथि सिबिआर कार्यक्रम सञ्चालन सम्बन्धी आर्थिक निर्देशिकाले सिबिआर कार्यक्रम दुई गाविसमा विस्तारका लागि संभाव्यता खोजी गर्न, तथ्याङ्क सङ्कलन अध्यावधिक तथा सिबिआर गाउँ समन्वय समिति गठन गर्न जम्मा रु दश हजार व्यवस्था गरेको छ जुन अत्यन्तै न्यून हो । त्यसकारण पनि विस्तृत विवरणसहितको प्रोफाइल बनाउने कार्य हाल सम्म पनि पुरा हुन सकेको छैन । आर्थिक स्रोतको बावजुद पनि कार्यक्रम कार्यान्वयन गर्न तोकिएको स्थानीय स्वावलम्बी संस्थाले गरेको काम प्रशंसनीय भए तापनि कार्यक्रमको उद्देश्य पुरा गर्ने सन्दर्भमा कार्य सम्पादन समस्याग्रस्त भएको मानिएको छ ।

जनचेतना सम्बन्धी कार्यक्रम

यस शीर्षकलाई मुलतः चार वटा सहायक कार्यमा बाडिएको छ । जसअनुरुप अपाङ्गपना न्यूनीकरण सम्बन्धी चेतना अभिवृद्धि गर्ने, सरकारी गैर सरकारी प्रदत्त सेवा, सुविधा सम्बन्धी जानकारी दिने, जनअवधारणामा सकारात्मक परिवर्तन ल्याउन मद्दत पुर्याउने, र सामाजिक सञ्चारका सामग्री उपलब्ध गराउने क्रियाकलापहरू छन् । अपाङ्गता न्यूनिकरण सम्बन्धी चेतना अभिवृद्धि गर्ने, सरकारी गैर सरकारी प्रदत्त सेवा, सुविधा सम्बन्धी जानकारी दिने, जनधारणामा सकारात्मक परिवर्तन ल्याउन मद्दत पुर्याउने कार्य, विशुद्ध चेतनामूलक कार्यक्रम अन्तर्गत हुने भएकोले यी तीन क्रियाकलापहरू कार्यक्रम कार्यान्वयन गर्न तोकिएको स्वावलम्बी संस्थाले प्रभावकारी ढङ्गले गर्दै आएको देखिन्छ तर जहांसम्म सामाजिक सञ्चारका सामग्रीहरू उपलब्ध गराउने कुरा छ यसमा स्रोत साधनको अभावमा नगन्य मात्रामा काम भएको पाइन्छ । यसको

साथै माग भए अनुसारको सहायक सामग्री आफैं उपलब्ध गराउन नसकेर सो सम्बन्धमा कसलाई कस्तो सहायक सामग्रीको जरुरत छ सो पहिचान गरी ती सहायक सामग्री उपलब्ध गराउन सहजिकरण गरेको भने पाईयो ।

विस्तृत लेखाजोखा

यस शीर्षक अन्तर्गत दुई वटा मुख्य सहायक क्रियाकलाप छन् जस्तै पुनर्स्थापना योजना तयार गर्ने र पुनर्स्थापना योजना अनुरुपको कार्यक्रम सञ्चालन गर्ने । पुनर्स्थापना योजना तयार पार्नका लागि तालिम प्राप्त पुनर्स्थापना कार्यकर्ताहरूले कार्यक्रम लागु भएको क्षेत्रका प्रत्येक अपाङ्गता भएका व्यक्तिको विस्तृत लेखाजोखा र अपाङ्गता परीक्षण अभिलेख फर्म भर्ने तथा पुनर्स्थापना योजना तयार गर्नुपर्ने कुरा निर्देशिकामा लेखिएको छ । तर तालिम प्राप्त पुनर्स्थापना कार्यकर्ता तयार पार्ने निकाय तथा योजना नहुँदा यस्ता मानव संसाधनको अभाव देखिन्छ । अर्कोतर्फ केही गरी यस्तो दक्षता हासिल भएका कार्यकर्ता पाइहाले पनि तथ्याङ्क सङ्कलन गर्नका लागि स्टेसनरी, सञ्चार, यातायातको खर्चको अभाव हुने गर्दछ । त्यसकारण पनि संस्थाले विश्वसनीय तथा सम्पूर्ण विवरणसहितको तथ्याङ्क सङ्कलन गर्न सकिरहेका छैनन् । त्यसकारण पनि विस्तृत लेखाजोखा विवरणको अभावमा उपयुक्त योजना कार्यक्रम तय गर्न संस्थाहरूलाई समस्या परिरहेको छ । अर्कोतर्फ स्थानीय तह र महिला तथा बालबालिका कार्यालयको तथ्याङ्कमा मात्र भर पर्दा सो निकायसम्म आउन नसकेका अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई कार्यक्रमले समेट्न सकिरहेको छैन ।

परामर्श सेवा

परामर्श सेवाअन्तर्गत, व्यक्तिगत समस्या पहिचान गर्ने, अन्तरनिहित क्षमताको पहिचान र विकास गर्ने तथा स्वावलम्वी परामर्श सेवा दिने कार्यहरू पर्दछन । सिबिआर कार्यक्रम कार्यान्वयन गर्न तोकिएको संस्थाहरू विशेष गरी परामर्श दिने कार्यहरूमा प्रभावकारी देखिएका छन् । त्यसो हुनको

पछाडि मूलत दुईवटा कारणहरू छन्, पहिलो यी संस्थाहरू प्राय: अपाङ्गता भएका व्यक्तिहरूद्वारा नै सञ्चालित छन् र दोश्रो परामर्श सेवा प्रदान गर्न भौतिक स्रोत साधनको खासै अवश्यक्ता पर्दैन । अपाङ्गपन न्यूनीकरण, निरोधलगायत अपाङ्गता भएका व्यक्तिको पुनर्स्थापना, क्षमता विकास, शिक्षा, र अन्य अवसरहरूमा पहुँच पुर्याउने कार्यकालागी सिबिआर सञ्चालन गरिरहेका संस्थाहरुले अभिभावक, अपाङ्गता भएका व्यक्ति तथा उनिहरूका बालबालिकाहरूलाई समेत परामर्श दिने गरेको पाईयो । जसले गर्दा दैनिक रुपमा घरमा वा समुदायमा अपाङ्गता भएका व्यक्तिहरूप्रति रहेको गलत अवधारणा र दुर्व्यवहारमा परिवर्तन आएको पाईयो । उदाहरणकोलागी केही दशक पहिलासम्म मानसिक अस्वस्थता भनिने मनोसामाजीक अपाङ्गता भएका व्यक्तिलाई खिज्याउने र मनोरञ्जनका पात्र बनाउने, बालबालिकाले लखेट्ने, ढुङ्गाले हान्ने आदी गर्ने गरेको पाईन्त्यो तर हाल यस्तो ब्यबहार भएको पाँईदैन बरु त्यस्को साटो सहयोग गर्नु पर्ने चेतना समाजमा विकास भएको पाईन्छ । यसो  हुनु यस्तै परामर्श, चेतनामुलक कार्यक्रमको समेत योगदान हो ।

तर निर्देशिकामा उल्लेख भए जस्तो परिवार र अपाङ्गता भएका व्यक्ति स्वयम्को सहयोगमा अपाङ्गता भएका व्यक्तिका वास्तविक समस्याहरूको पहिचान गर्ने, उनीहरूका अन्तर्निहित शारीरिक, मानसिक लगायत अन्य दक्षता थप विकास गर्न सकिने सम्भावनाहरूलाई विस्तृत रुपमा पहिचान गर्ने र समस्याको समाधान र अन्तर्निहित क्षमताको विकासका लागि आवश्यक परामर्श उपलब्ध गराउने भन्ने कुरा स्वास्थ्य तथा मनोविज्ञानसंग सम्बन्धित जटिल विषय मानिएकोले यस्तो परामर्श दिने विशेषज्ञको भने स्थानीय स्तरमा अभाव छ, जुन हाम्रो जस्तो अल्प विकशित मुलुकको यथार्तता हो ।

यद्धपी अपाङ्गता भएका व्यक्तिहरूको दैनिक जीवनलाई सकेसम्म अधिकतम स्वावलम्वी वनाउन आवश्यक मैत्रीपूर्ण वातावरण निर्माण गर्ने तरिकाहरू, शारीरिक तथा अन्य क्षमतालाई घरमै वा समुदायमै विकास गर्ने तरिका आदिको बारेमा सिवीआर कार्यक्रम कार्यान्वयन गर्न तोकिएको संस्थाले गराउने गरेका परामर्शहरू प्रशंसनिय नै छन् ।

## ४.२ बिषय विज्ञ तथा सरोकारवालाहरूको सिबिआर कार्यक्रम प्रतिको धारणा

सिबिआर कार्यक्रम विज्ञ तथा सरोकारवालाहरूको विचारमा कस्तो छ भन्ने थाहा पाउन मुख्य ज्ञापक सात्क्षातकार र केन्द्रिभूत छलफल गरिएको थियो । जस अन्तर्गत महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको सामाजिक सुरक्षा तथा सुधार शाखा हेर्ने माहाशाखा प्रमुख, शाखा का अधिकृतहरु तथा सिबिआर केन्द्रीय निर्देशक समितिको प्रतिनिधिहरु संग छलफल गरिएको थियो । छनौट गरिएको प्रत्येक जिल्लामा एउटा केन्द्रित समूह छलफल सञ्चालन गरिएको थियो जसमा कार्यक्रममा सहभागी भएका र नभएका अपाङ्गता भएका व्यक्तिहरू, अपाङ्गता भएका व्यक्तिका अभिभावकहरू, जिल्ला स्तीत महिला तथा बालबालिका कार्यालयका प्रतिनिधि, सिबिआर कार्यक्रम सञ्चालन गर्ने संस्था तथा अपाङ्गता अधिकारका लागि काम गर्ने संस्थाका प्रतिनिधिलाई समावेश गरिएको थियो ।

सिबिआर कार्यक्रमको सवल र दुर्वल पक्ष, कार्यक्रम सञ्चालनको क्रममा पाइएको सिकाइ, कार्यक्रमका चुनौति लगायतका पक्षमा केन्द्रीभुत छलफल व्यापक रुपमा गरिएको थियो । यसक्रममा कार्यक्रमको उपलब्धीलाई सराहनीय मानिएता पनि उपलब्ध साधन र श्रोतको अभावलाई थप उजागर गर्दै सम्बन्धित जिल्लामा सिबिआर कार्यक्रम थप प्रभावकारी बनाउन अपनाइनु पर्ने अतिरिक्त रणनिती तयार गर्नु पर्ने आवश्यक्ता समेत पुष्ट्याइँ गरियो ।

समग्रमा विज्ञ तथा कार्यक्रमका अधिकांश सहभागीहरूले कार्यक्रमका लागि छुट्याएको बजेट अत्यन्तै कम भएको कुरा व्यक्त गरेका थिए । साथै सहभागी सबैले, सीमित स्रोत साधनको बावजुत पनि सिबिआर कार्यक्रमले अपाङ्गताको क्षेत्रमा पारेको प्रभाव प्रशंसनिय रहेको बताएका थिए । साथै बदलिदो राज्य संरचनामा स्थानिय, प्रादेशिक र संघिय सरकारले सिबिआरको मोडेललाई दिगो विकास लक्ष्य अन्तर्गत अपाङ्गता सुचक हासिल गर्नु पर्ने गरि "अपाङ्गता समावेशी विकास" अवधारणा संग समायोजन गर्नुपर्ने कुरामा जोड दिएका थि'ए ।

उपरोक्त केन्द्रिभूत छलफल, सरोकारवाला व्यक्ति तथा विज्ञहरूको छलफलबाट सिबिआर कार्यक्रमको बारेमा दिएका मुख्य अभिब्यक्तीहरु यसप्रकार रहेका छन् ।

अधिकांश सहभागीले सिबिआर कार्यक्रमका लागि एक आर्थिक वर्षमा एक जिल्लालाई छुट्याइएको रकम एक लाख पचासि हजार रुपैया अत्यन्त कम भएको कुरा प्रकाश पार्दै अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या, भौगोलिक कठिनाइजस्ता कारकलाई आधार बनाई तर्कसङ्गत बजेट विनियोजन गर्नु पर्नेमा जोड दिएका थिए । साथै परिमार्जित सिबिआर कार्यक्रममा द्विपक्षिय र बहुपक्षिय दाताहरूको सहभागिता बढाउन केन्द्रीय निर्देशक समितिले त्यस्ता दाताहरूसँग सम्पर्क बढाएर सहयोग अभिवृद्धि गर्न पहल गर्नु पर्नेमा समेत सहभागीले जोड दिएका थिए ।

निर्देशिकाको सम्बन्धमा सिबिआर कार्यक्रम सञ्चालन गर्ने सबै संस्थाका प्रतिनिधी, विज्ञ र सम्बन्धित सरोकारवालाहरु संग साक्षात्कार र व्यापक छलफल गरी सिबिआर कार्यक्रमको मोडेल परिमार्जन गर्नुकासथै सो सञ्चालन सम्बन्धी निर्देशिका जारि गर्न तत्काल पहल गर्नु पर्ने धारणा अधिकांश सहभागीले राखेका थिए । त्यस्तै अपाङ्गता समावेशी विकासको अवधारणालाई एकीकृत रुपमा संचालन गर्न सबै स्थानिय तहहरुले अपाङ्गता समावेशी विकास योजना तर्जुमा गरि बजेट विनियोजन गर्नुपर्ने कुरामा सहभागीले जोड दिएका थिए ।

सरकारले सिबिआर कार्यक्रममा आर्थिक लगानी गरी सिबिआर जनशक्ति र सामग्री निर्माणमा समेत स्वावलम्बी संस्थालाई दिएकोमा सरकारको स्वामित्वको दायरा फराकिलो हुनुपर्ने सहभागीहरूको तर्क थियो । कार्यक्रमको प्रभावकारिताका लागि सरकारले आर्थीक लगानी गरि उत्पादन गरेको सहायक सामाग्री वितरणको प्रत्यक्ष स्वामित्व आफैंले लीनुपर्ने धारणा अधिकांश सहभागीले व्यक्त गरेका थिए ।

तालिम तथा क्षमता बृद्धी सम्बन्धमा छलफल गर्दा गाँउ/नगर पालिका स्तरको समितिका सदस्यहरुलाई अपाङ्गता समावेशी विकास अवधारणा, अपाङ्गता हक अधिकारको बारेमा प्रत्येक

वर्ष स्थानिय तहमा तालिम दिने व्यवस्था मिलाउदा मात्र स्थानीय स्तरमा जिम्मेवार व्यक्तिको अपाङ्गता समावेशिकरण सम्बन्धी बुझाइ प्रष्ट हुन गई अन्तत अपाङ्गता भएका व्यक्तिहरू विकास प्रकृयामा सहभागी भै लाभान्वित हुन सक्ने सहभागीको तर्क थियो ।

हालसम्म सिबिआर कार्यक्रमको प्रभावकारी अनुगमन र प्रभावकारिता हुन नसक्दा कतिपय अवस्थामा अपाङ्गता भएका व्यक्तिहरू खासै लाभान्वित हुन नसकेकोले अनुगमन र प्रभावकारिता प्रभावकारी बनाउनु पर्ने धारणा अधिकांश सहभागीको थियो । हाल व्यवस्था भएको सिबिआर कार्यक्रमको अनुगमन र प्रभावकारिता मुल्यांकन गर्ने परिपाटि विकास गरि स्थानिय रुपमा सबै जिल्लाबाट प्राप्त प्रतिवेदनहरूलाई केन्द्रिय स्तरबाट मुल्यांकन गर्ने परिपाटी विकास गर्नु पर्ने धारणा अधिकांश सहभागीको थियो ।

परिच्छेद ५ :

# ५. निस्कर्ष तथा सुझावहरू

## ५.१ निस्कर्ष:

अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य, शिक्षा, रोजगारी, निर्णय प्रक्रियामा समान सहभागिता, पहुँचयुक्त भौतिक संरचना, सूचना तथा सञ्चार प्रविधि, गरिबी निवारण र सामाजिक सहभागीता तथा सचेतनाजस्ता विषयहरू आफ्नै समुदायमा प्राप्त गराइनु मानव अधिकारको विषय हो। यसै कुरालाई आत्मसात गर्दै अपाङ्गता भएका व्यक्तिहरूका लागि विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको परिधिभित्र रही सरकारी तवर बाट नीतिगत व्यवस्था गरी अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिएको हो । यस सिबिआर कार्यक्रम सञ्चालन निर्देशिकाले नेपाल समेत पक्षराष्ट्र बनिसकेको "अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघिय माहासंधी" (Convention on the Rights of Persons With Disabilities) को सिद्धान्त तथा विश्व स्वास्थ संगठनको सिविआर मापदण्ड लाई आधार बनाएको छ । सरकारले महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय मार्फत स्थानीय स्तरमै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूकै समुदायमै पुनर्स्थापित गराई शिक्षा, स्वास्थ्य, आत्मसम्मानपूर्वक जीवन निर्वाह र सामाजिकीकरणका लागि पहुँच विस्तार गर्दै अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक सहभागिता र सशक्तीकरणमा टेवा पुर्याउने उद्देश्यका साथ यो कार्यक्रम अपाङ्गता भएका व्यक्तिहरुका संघ संघसंस्थाहरुको साझेदारीमा संचालन गरिरहेको छ । साथै उक्त कार्यक्रमको प्रभावकारिताका लागि सिबिआर निर्देशिका र आर्थिक मापदण्ड समेत जारी गरेको छ जस अन्तर्गत तथ्याङ्क तथा विवरण सङ्कलन, जनचेतना सम्बन्धी कार्यक्रम, विस्तृत लेखाजोखा, परामर्श सेवा, उपचार सेवा, पुनर्स्थापना सेवा, शिक्षामा पहुँच, व्यावसायिक तालिम र आय आर्जन व्यवस्था, पारिवारिक तथा सामाजिक सहभागिता, जनशक्ति र नेतृत्व विकास, समन्वय एवं सञ्जाल जस्ता दस क्षेत्रमा

क्रियाकलापहरू स्थानीय आवश्यकताको आधारमा सञ्चालन गर्ने गरेको छ जसको प्रभावकारीता अध्ययन भएको हो । अध्ययनले कार्यक्रमले समेटेका र नसमेटेका अपाङ्गता भएका व्यक्तिका बीचमा रहेको भिन्नता विष्लेशण गरि देहाय बमोजिमको निष्कर्श निकालेको छ।

- सिबिआर कार्यक्रमले अपाङ्गता अधिकारको बारेमा सजग हुन सहयोग गरेको पाईयो साथै सिबिआर सञ्चालीत संस्थाहरुलाई सालबसाली रुपमा महिला, बालबालिका तथा समाज कल्याण मंत्रालयबाट अनुशिक्षण कार्यक्रम आयोजना गर्ने गरेकोले त्यस्ता संस्थाहरुको सिबिआर कार्यक्रम सञ्चालन गर्ने कार्यदक्षता निरन्तर अभिबृद्धि भएको पाईयो ।
- सिबिआर कार्यक्रम सञ्चालन भई कार्यक्रमको अनुशिक्षणमा अपाङ्गता भएका व्यक्ति अथवा उनीहरूको परिवारका सदस्यमात्र भए पनि भाग लिएको खण्डमा राज्यबाट पाउने सुविधाबारे सुसूचित भई आवस्यक प्रक्रियाहरू अपनाई समयमै सुविधाहरू लिएको पाइयो । जनचेतना र सूचनाको अभाव र सचेत र शिक्षित व्यक्तिको सङ्गत नभएका व्यक्तिहरू कार्यक्रम सञ्चालन भएकै गाविसका बासिन्दा भएर पनि राज्यबाट सुविधा लिन नसकिरहेको पाइयो । गाँउनगर स्तरको सिबिआर समितिमा निरन्तर सम्पर्कमा रहने / अपाङ्गता भएका व्यक्ति तथा परिवार भने राज्यबाट पाउने सुविधाबारे सुसूचित रहेको पाइयो ।
- अपाङ्गता परिचयपत्र बनाएर तोकिएको समय भित्र गाविस मार्फत सामजिक सुरक्षा भत्ता प्राप्त गर्ने प्रावधान भएता पनि सिबिआर कार्यक्रमको सम्पर्कमा आउन नसकेका व्यक्तिहरूलाई यस्को जानकारी नभएकोले राज्य प्रदत्त सेबा बाट कतिपय अपाङ्गता भएका व्यक्तीहरु बन्चित भएको पाईयो ।
- सिबिआर कार्यक्रमका लागि छुट्याएको बजेट अत्यन्तै कम रहेको छ। साथै सीमित स्रोत साधनको बावजुत पनि सिबिआर कार्यक्रमले अपाङ्गताको क्षेत्रमा पारेको प्रभाव प्रशंसनिय रहेको छ । एकै जिल्लामा दुईवटा संस्थाहरुलाई एकै वर्ष कार्यक्रम भागवण्डा गरेर दिँदा

त्यस्को प्रभावकारीता ज्यादै कम भएको पाईयो । सिबिआर कार्यक्रमका लागि एक आर्थिक वर्षमा प्रत्येक जिल्लालाई छुट्याइएको रकम एक लाख पचासी हजार रुपैया अत्यन्त कम भएको र अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या, भौगोलिक कठिनाइजस्ता कारकलाई आधार बनाई तर्कसङ्गत बजेट विनियोजन भएको पाईएन ।

- भौगोलिक रुपमा विकट जिल्लाहरुका सार्वजनिक विध्यालयहरुमा सञ्चालन भै रहेका स्रोत कक्षाहरूमा विद्यालय व्यवस्थापन र लेखाजोखा संयोजकको समन्वयमा भएको कमिले विध्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाहरु शिक्षाको अधिकार बाट बन्चित हुने जोखिम रहेको पाइयो जुन कमिलाई सिबिआर कार्यक्रमले संबोधन गर्न सकेको पाईएन । यद्धपि अपाङ्गमैत्री शैक्षिक क्षेत्र बनाउन तथा छात्रवृत्ति जस्ता सेवा सुविधामा पहुँचका लागि पहल गर्नमा भने संस्थाहरूले गरेको पहल प्रसंशनिय पाईयो ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई उपचार सेवा उपयोग गर्न समेत सहायक सामाग्री र सहायता सेवाको आवश्यकता हुने गर्दछ जुन उनिहरुको मौलिक अधिकार भित्र समेत पर्दछ तथापि कृतिम अंग र सहायक सामाग्रीको अभावमा कतिपय अपाङ्गता भएका व्यक्तीहरु स्वास्थ्य सेवा र अन्य अधिकारको उपभोगको अवसर बाट समेत बन्चित भै रहेको पाईयो ।
- सिबिआर सञ्चालन भएको क्षेत्रमा सहयोगि सेवा सिबिआर कार्यक्रम सञ्चालन नभएको क्षेत्रमा भन्दा प्रभावकारी देखिएको छ । आफूकहाँ आएका अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य केन्द्रसम्म पुर्याएर उपचार सेवा उपलब्ध गराउन सघाउने सरोकारवाला संस्थाहरूले गरेको पहल उत्कृष्ट छ ।
- सिबिआर सञ्चालन नभएका भन्दा भएका क्षेत्रमा अपाङ्गता भएका व्यक्तीहरुको रोजगारीको अवस्था सुधारात्मक रहेको छ । तुलनात्मक रुपमा स्थानीय स्तरमा उपयोगी व्यवसायीक सीप सिक्ने अवसर प्रदान गर्ने, सरकारी र गैरसरकारी निकायका सीपमूलक कार्यक्रममा समावेश गराउन सहयोग गर्ने कुरामा सिबिआर कार्यक्रम प्रभावकारी पाईयो।

त्यसैगरी स्वावलम्बी समूहमार्फत सिबिआर कोष सञ्चालन गरी व्यवसाय सञ्चालन गराउन लघु ऋण प्रदान गर्ने कार्यमा पनि संस्थाहरूले गरेको काम प्रशंसनिय पाईयो।

- सिबिआर कार्यक्रम अन्तर्गत दिईने बिऊ पुँजीको रकम थोरै भए पनि यसले जिविकोपार्जनमा दिने परिणाम सकारात्मक पाईयो। व्यवसायिक तालिम र आय आर्जन सिबिआर कार्यक्रमको प्रभावकारी सुचक भित्र पर्दछ । बीउ पूँजि पाएर व्यवसाय गर्नेहरू कार्यक्रमप्रति अत्यन्तै सन्तुष्ट छन् । नपाएकाहरू पनि सिबिआर कार्यक्रमको कारणले चेतना स्तर बृद्धि भई राज्य वा गैर राज्य पक्षबाट लिने सेवा सुविधाहरूमा पहुँच बढाउन पाएकाले आफ्नो जिवीकोपार्जनमा सहयोग पुगेको ठान्दछन्।
- सिबिआर कार्यक्रम सञ्चालन भएका क्षेत्रमा अपाङ्गता भएका व्यक्तिले विभिन्न संयन्त्रहरुमा सहभागि भएर आफ्नो समस्या सम्बन्धित निकायमा समेत राखेर लाभान्वित भएको पाइयो । पारिवारिक तथा सामाजिक रुपमा नै सम्बन्धीत सबैलाई अपाङ्गता समावेशी अवधारणाको बारेमा सचेत गराएको पाईयो। न्यायमा पहुँचका लागी यस्ता संस्थाले गरिराखेको कार्य सराहनिय छ जुन सिबिआर सञ्चालन भएका गाविसहरुमा बढी प्रभावकारी देखियो ।
- सिबिआर कार्यक्रमले समेटेका व्यक्तिहरू तालिकामा उल्लेखित सबै विषयहरूमा कार्यक्रमले नसमेटेका व्यक्तिभन्दा अगाडि रहेको पाइयो । यो तथ्यले के स्पष्ट पार्छ भने सिबिआर कार्यक्रमको सम्पर्कमा रहेका व्यक्तिहरू आफ्नो हक अधिकारको बारेमा जागरुक हुने कुरामा होस वा राज्यबाट सहयोग लिने कुरामा होस्, कार्यक्रमको सम्पर्कमा नभएका व्यक्तिभन्दा अगाडि छन् । उनीहरूले आफूलाई आपत् पर्दा सहयोगका लागि सम्पर्क गर्ने निकायको बारेमा समेत केही बढि जानकारी राखेका छन् । साथै सिबिआर कार्यक्रमको सम्पर्कमा रहेर बीउ पूँजी लिएर अथवा व्यवसायिक तालिम तथा परामर्श लिएर उनीहरूले आम्दानी केही हदसम्म भए पनि बढाइरहेका छन् । यो तथ्यले पनि सिबिआर कार्यक्रमको महत्वलाई प्रष्ट पार्दछ ।

- सार्वजनिक स्थलमा अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने भौतिक तथा अन्य वातावरणलाई मैत्रीपूर्ण वनाउन सहयोग गर्ने भन्ने कुरा पनि स्रोत साधनको अभावमा निर्देशिकाले निर्देश गरे अनुरुप भएको छैन । तर सहायक सामग्रीहरू उपलब्ध गराउन तथा साङ्केतिक भाषा, व्रेल लिपि आदि सम्बन्धी तालिम लिन चाहने वा त्यस्को आवश्यकता भएका व्यक्तिहरूलाई यस्तो तालिम उपलब्ध गराउने पहल अथवा समन्वय गराउने कुरामा भने सिबिआर कार्यक्रम कार्यान्वयन गर्ने तोकिएको संस्थाहरूको पहल उल्लेखनीय छ । सिबिआर कार्यक्रम सञ्चालन गर्ने संस्थाको प्रयासले मानव निर्मित भौतिक संरचनाहरु केही हद सम्म भएपनि पहुँचयुक्त बनाउने प्रयास भएको छ ।
- सशक्तीकरण गराउनका लागी सिबिआर कार्यकर्ताहरूले अपाङ्गता भएका व्यक्तीहरुलाई आवश्यक फिजियो थेरापी, भौतिक पहुँचयुक्तता, साँकेतिक भाषा, ब्रेल लिपिसम्बन्धी तालिम एवं दैनिक जीवन सम्पादन सम्बन्धी क्रियाकलापहरूको अभ्यास र तालिम गराउनु पर्ने कुरा निर्देशीकामा उल्लेख गरेको छ तथापि सिबिआर कार्यक्रका लागि छुट्याइएको रकमले यो सब कार्य गर्न सम्भव देखिंदैन।
- दिगो विकासको लक्ष्य हासिल गर्न अपाङ्गता भएका व्यक्तीहरुको पारिवारिक तथा सामाजिक सहभागिता मुख्य आधार हुन् । यसले अपाङ्गता समावेशी विकासको मान्यता अनुसार सामाजिक तथा साँस्कृतिक क्रियाकलापहरूमा अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका परिवारको सहभागिता बढाउन भुमिका निर्वाह गर्दछ । अपाङ्गता भएका व्यक्तिलाई आफ्नै समुदायमा पुनर्स्थापना गराउने सिबिआर कार्यक्रमको उद्देश्य भएको र समाजमा पुनर्स्थापना गर्दा परिवार, समाज, सँस्कृति, सम्बन्ध, मनोरञ्जन र न्यायको प्रत्याभुती हुनु पर्दछ । पारिवारिक रुपमा समेत सिबिआर कार्यक्रमले अपाङ्गता भएका सदस्यहरुलाई भुमिका प्रदान गर्न सकेको पाईयो तर सिबिआर कार्यक्रमले कति अपाङ्गता भएका व्यक्तिहरूलाई समेट्न सकेको छ भन्ने कुरा महत्वपुर्ण छ किनकी यो सकेसम्म सबै तहमा समावेशी विकासको अवधारणा अनुसार बिस्तार गर्नु जरुरी हुन्छ।

५.२ सुझाबः

समावेशी विकासको लक्ष्य पुरा गर्न मद्दत पुग्दछ तसर्थ यस उद्देश्य प्राप्तीकोलागी देहाय बमोजीमको सुझाब पेश गरिएको छः

- अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकारको सम्मान गर्ने हो भने उनिहरुलाई अविभेदको सिध्दान्त बाट संरक्षण गरी आफ्नै समुदायमा सम्मान पुर्वक बाँच्ने वातावरण सृजना गर्नु पर्दछ जस्ले गर्दा अपाङ्गता समावेशी विकासको लक्ष्य पुरा गर्न मद्दत पुग्दछ ।
- अपाङ्गता भएका व्यक्ति घर, परिवार, समाजमा उपेक्षित भइरहेको छ भने पारिवारीक तथा सामाजिक रुपमा उनिहरुलाई सकृय सहभागी गराउन चुनौतिपुर्ण हुन्छ । अविभेदी कानुन बनाई राज्य तथा गैर राज्य पक्षबाट पाउनुपर्ने न्यायमा उनीहरूको पहुँच बढाएर उनिहरूलाई परिवार र समाजमा मर्यादित जीवनयापन गराउनु सिबिआर कार्यक्रमको उद्देश्य रहनु पर्दछ र यसबाट अपाङ्गता भएका व्यक्तिको विरुद्ध रहेको सबै प्रकारको दुर्व्यवहार न्युनिकरण गराउन सहयोग पुग्दछ ।
- अपाङ्गता भएका बालबालिकाहरुको शिक्षामा पुगेको पहुँचलाई सुधारात्मक रुपमा लिन सकिएता पनि भौगोलीक विकटताको कारणले विध्यालय जाने उमेरका अपाङ्गता भएका बालबालिकाहरुको शिक्षामा सिबिआर कार्यक्रमले खासै सकारात्मक प्रभाव पारेको पाईदैन । यस स्थितिको सुधारकालागी अब सबै स्थानिय तहले आ-आफ्नो समुदायमा रहेका अपाङ्गता भएका बालबालिकाहरुलाई स्तरयुक्त समावेशी शिक्षा प्रदान गर्न नितिगत र व्यवहारिक कार्यक्रम लागू गर्नु पर्दछ जसबाट दिगो विकास लक्ष्यको चौथो लक्ष्य पुरा गर्न सकारात्मक मद्दत पुग्दछ ।
- सरकारले सिबिआर कार्यक्रममा आर्थिक लगानी गरी सिबिआर जनशक्ति र सामग्री निर्माणमा समेत सरकारको स्वामित्वको दायरा फराकिलो पारि कार्यक्रमको

प्रभावकारिताका लागि आर्थीक लगानी गरि उत्पादन गरेको सहायक सामाग्री वितरणको प्रत्यक्ष स्वामित्व आफैंले लीनुपर्ने सुझाब गरिन्छ ।

- ❖ सिबिआर कार्यक्रमका लागि एक आर्थिक वर्षमा एक जिल्लालाई छुट्याइएको रकम एक लाख पचासि हजार रुपैया अत्यन्त कम भएको र अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या, भौगोलिक कठिनाइजस्ता कारकलाई आधार बनाई तर्कसङ्गत बजेट विनियोजन गर्नु पर्ने । साथै परिमार्जित सिबिआर कार्यक्रममा द्विपक्षिय र बहुपक्षिय दाताहरूको सहभागिता बढाउन केन्द्रीय निर्देशक समितिले त्यस्ता दाताहरूसँग सम्पर्क बढाएर सहयोग अभिवृद्धि गर्न पहल गर्नु पर्ने सुझाव गरिएको छ।
- ❖ आर्थिक वर्ष सुरु भएको कम्तीमा ६ महिनामा बजेट जिल्लामा पुग्ने र कार्यक्रम सञ्चालन गर्ने संस्थासम्म पुग्दा अरु थप समय लाग्नाले कार्यक्रमहरू हतारमा हुने गरेका छन् । समयमै बजेट निकासा भएमा कार्यक्रम थप प्रभावकारी हुने भएकोले समयमै बजेट निकासा गर्न सुझाब गरिन्छ ।
- ❖ नेपालले अन्तराष्ट्रीय समुदाय समक्ष गरेको प्रतीबद्धता अनुसार दिगो विकास लक्ष्यको अपाङ्गता सुचकहरु सन् २०३० सम्ममा हासिल गर्न अपाङ्गता भएका व्यक्तीहरुको सामाजिक सहभागितालाई मुख्य आधार बनाउनु पर्दछ । सिबिआरको अवधारणालाई "अपाङ्गता समावेशी विकास" (असवि) को मान्यता अनुसार आर्थिक, सामाजिक तथा साँस्कृतिक क्रियाकलापहरूमा अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका परिवारको सहभागिता प्रबर्द्धन गर्नु पर्दछ । स्थानिय तहमा नै अपाङ्गता भएका व्यक्तीहरुको शिप र सृजनालाई विकास निर्माण प्रकृयामा समावेशि गराउनु पर्दछ ।
- ❖ सिबिआर कार्यक्रमको मोडेल परिमार्जन गर्नुका साथै सो सञ्चालन सम्बन्धी निर्देशिका जारि गर्न र अपाङ्गता समावेशी विकासको अवधारणालाई एकीकृत रुपमा संचालन गर्न सबै स्थानिय तहहरुले अपाङ्गता समावेशी विकास योजना तर्जुमा गरि बजेट विनियोजन गर्न सुझाब गरिएको छ।

- गाँउ/नगर पालिका स्तरको समितिका सदस्यहरुलाई अपाङ्गता समावेशी विकास अवधारणा, अपाङ्गता हक अधिकारको बारेमा प्रत्येक वर्ष स्थानिय तहमा तालिम दिने व्यवस्था मिलाउदा मात्र स्थानीय स्तरमा जिम्मेवार व्यक्तिको अपाङ्गता समावेशिकरण सम्बन्धी बुझाइ प्रष्ट हुन गई अन्तत अपाङ्गता भएका व्यक्तिहरू विकास प्रकृयामा सहभागी भै लाभान्वित हुन सक्दछन् ।
- सिबिआर कार्यक्रमको प्रभावकारी अनुगमन हुन नसक्दा कतिपय अवस्थामा अपाङ्गता भएका व्यक्तिहरू के कती लाभान्वित हुन सकेका छन् भन्ने मुल्यांकन नभएकोले अनुगमन र मुल्यांकन प्रभावकारी बनाउन समेत सुझाव गरिएको छ ।

सन्दर्भ सामग्री

MoWCSW (2010).समुदायमा आधारित पुनरस्थापना कार्यक्रम निर्देशिका, महिला, बालबालिका तथा समाज कल्याण मंत्रालय, सिँहदरबार, काठ्माण्डौं।

MOWCSW (2006).अपाङ्ग सङ्बन्धी राष्ट्रिय निति तथा कार्य योजनाः महिला, बालबालिका तथा समाज कल्याण मंत्रालय, सिँहदरबार, काठ्माण्डौं।

MOWCSW (2013).अपाङ्गता श्रोत पुस्तिकाः महिला, बालबालिका तथा समाज कल्याण मंत्रालय, सिंहदरबार, काठ्माण्डौं।

NFDN. (2013). अपाङ्गता भएका व्यक्तीहरुको मानवअधिकार अनुगमन समष्टिगत प्रतिबेदन, राष्ट्रिय अपाङ्ग माहासंघ, भृकुटिमण्डप, काठ्माण्डौं ।

RCRD, (2012). वार्षिक प्रतिवेदनः पुनर्स्थापना र विकासकोलागी श्रोत केन्द्र, भक्तपुर.

Pokharel, B. (2008. अपाङ्गता भएका व्यक्तीहरुको अधिकार सम्बन्धी माहासंधीः अनुमोदन सहजीकरण पुस्तिका, ललितपूर.

WHO. (2010). *CBR Guidelines: Introductory Booklet*. Malta: World Health Organization.

UN, (2006). अपाङ्गता भएका व्यक्तीहरुको अधिकार सम्बन्धी माहासंधीः संयुक्त राष्ट्र संघ, न्यूयोर्क.

अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमको लेखाजोखा प्रतिवेदन (2072), महिला तथा बालबालिका विभाग, श्रीमहल, ललितपुर

अनुसूची १- मूख्य ऊत्तरदाता संगको अन्तर्वार्ताको प्रप्श्नावली

अपाङ्गता अधिकार र बिकाशकालागी कृयाशिल-नेपाल

नेपाल सरकारद्वारा सञ्चालित अपाङ्गता भएका व्यक्तिहरुको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमको प्रभावकारीता अध्ययन (२०७३-२०७४)

फाराम १ : अपाङ्गता भएका व्यक्तिहरु संगको प्रत्यक्ष अन्तरवार्ताको प्रश्नावली

(यस प्रश्नावलीमा सोधिएका व्यक्तिगत विवरणहरु गोप्य राखिने छन् । यी विवरणहरु तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रयोग गरिने छ)

फाराम क्रमसंख्या:

१. भौगोलिक बिबरण :

१.१. जिल्ला :

१.२. गाँऊ /नगर पालिका : 1 गा. पा २ न. पा ३ उ.मा.न.पा ४ म.न.पा

१.३. वडा नं:

१.४. गाउँ/बस्ती/टोल: १. शहरी२. गर्मिन

१.५. सि.बि.आर. कार्यक्रम सञ्चालन भएको छ कि छैन?१ छ २ छैन

२. अपाङ्गता भएको उत्तरदाताको व्यक्तिगत विवरण:

२.१. उत्तरदाताको नाम:

२.२. ऊमेर १ १-१४ बर्ष २ १५-३० बर्ष ३ ३१-४५ बर्ष ४ ४६-५९ बर्ष ५ ६० बर्ष र माथी

२.३. लिङ्ग १ महिला २ पुरुष ३ तेश्रो लिङ्गि

२.४. शैक्षिक योग्यता १ निरक्षर २ प्रा.बि. ३ माध्यामिक ४ उच्च शिक्षा

३. अपाङकता भएको व्यक्तिको अपाङ्गता सम्वन्धी विवरण

३.१ तपाँईको अपाङ्गताको प्रकार के हो ? १. शारिरीक २. दृष्टिबिहिन ३ बहिरा ४. स्रवणदृष्टिबिहिन ५.स्वर बोलाई ६. मनोसामाजिक ७. बौद्दिक ८. अटिजम९. बहुअपाङ्गता

३.२. अशक्तताको गम्भिरताको आधारमा कस्तो प्रकारको अपाङ्गता हो ? १. पूर्ण अशक्त अपाङ्गता (रातो प.प.) २. अतिअशक्त अपाङ्गता (निलो प.प.) ३. मध्यम अपाङ्गता (पहेलोप.प.) ४. सामान्य अपाङ्गता (सेतो प.प.) ५. परिचय पत्र प्राप्त गरेको छैन थाहा छैन

३.३. तपाईको अपाङ्गता कहिले भएको हो ? १ जन्मेपछि २ जन्मिदै देखि

३.४. यदि जन्मेपछि अपाङ्गता भएको भए तपाईको कुन उमेरमा अपाङ्गता भएको हो ?

३.५ तपाईको अपाङ्गता हुनुको कारण थाहा छ ? १ छ २ छैन

३.६. यदि कारण थाहा छ भने अपाङ्गताको कारण के हो ? १ दुर्घटना/चोटपटक २ सशस्त्र द्वन्द ३ मानसिक विचलन ४ कुपोषण ५ जन्मै देखि ६ बंशाणुगत विचलन ७ सरुवा रोग

८. नसर्ने रोग ९ लागुपदार्थ/मादक पदार्थ दुर्व्यसनको असर १० उमेरको कारण ११ प्राकृतिक प्रकोप १२ महिना नपुगी जन्म१३ खोपको मात्रा नपुगेर १४ कुष्ठ प्रभाव १५ क्यानसरको कारण १६. अन्य

४. सहायक सामग्रिर र सहयोगी सेवाको प्रयोग

४.१. अपाङ्गता भएको कारणले कुनै सहायक सामग्री (Assistive Devices) प्रयोग गर्नुहुन्छ? १ गर्छु २ गर्दिन

४.२ यदि प्रयोग गर्नुहुन्छ भने सहायक सामाग्रीको नाम के हो १ व्हिलचेयर २ बैसाखी ३ एल्बो क्रचेज ४ कृतिम अंग ५ क्यालिपर ६ स्रवण यन्त्र ७ सेतो छडी ८ अन्य (खुलाउनुहोस्)

४.३ तपाईलाई आफ्नो व्यक्तिगत दैनिक कार्य सम्पादन गर्नको लागि सहयोगको आवश्यकता पर्छ/पर्दैन? १ पर्छ २ पर्दैन

४.३ यदि प्रयोग गर्नुहुन्न भने किन? १ नचाहिने भएकोले २ प्राप्त गर्न नसकेकोले

४.५ अक्सर कसले सहयोग गर्नुहुन्छ ? १ आफै २ आमा/बुबा ३ केयरटेकर ४ पति/पत्नी ५ छोरा/छोरी ६ अन्य ६ अन्य ४.६. यदि स्वंयम सेवकबाट सहायता सेवा प्राप्त गर्नु भएको छ भने कुन निकायको समन्वयमा ? १ सि.बि.आर। २. सामाजिक संस्था ३ निजि प्रयास ४. स्थानिय सरकार ५ अन्य

५. अपाङ्गता भएका व्यक्तिहरुको मर्यादाको सन्मान

५.१ के तपाँई आफू अपाङ्गताका कारण अपहेलित भएको अनुभव गर्नुहुन्छ? १ गरेको छु२ गरेको छैन् ५.२. यदि छ भने कसरी वा के भनेर अपहेलित गर्दछन्? १ नक्कल वा ठट्टा २ एक्ल्याएरवा ३ निन्दा वा गाली वा दुर्व्यवहार गरेर ४ रोकावट वा निषेध गरेर ५ अपाङ्गतालाई नकारात्मक विष्लेशणको प्रयोग गरेर ६ अन्य तरिकाले

५.३ अपाङ्गता भएको कारणले समाजमा, साथीभाइमा र परिवारमा कुनै विभेदको अनुभव गर्नु भएको छ ? १ छ २ छैन

५.४ यदि छ भने कस्तो प्रकारको विभेदको अनुभव गर्नु भएको छ ?

५.५. यदि छ भने कुनै न्याईक निकायमा त्यस्तो बिभेदको उजुरी गर्नु भएको छ? १ छ २ छैन

५.६. यदि उजुरी गर्नु भएको छ भने कस्तो प्रकारको कार्यवाही भयो? १ पिडकलाई सचेत गराईयो २ पिडकबाट सोधभर्ना गराईयो ३ पिडकलाई कैद सजाय गराईयो ४ केहि कारवाहि भएन

५.७ के तपाँई आफू सामाजिक रुपमा प्रतिष्ठा महसुश/अनुभव गर्नुहुन्छ ?१ गर्छु २ गर्दिन

६. अपाङ्गता भएको व्यक्तिको पुनर्स्थापनासम्वन्धी विवरण

६.१ तपाईले समुदायमा आधारित पुर्नस्थापना सेवा पाउनु भएको छ/छैन् ? १ छ २ छैन ३ थाहा छैन

६.२ यदि पाउनु भएको छ भने संस्था/निकायको प्रकार लेख्नुहोस्।(कुनै दुई) १ सिबिआर २ डिपिओ ३ एन जि ओ ४ सरकारी ५ निजि

६.३ तपाईले तल उल्लेखीत कुनै सेवा पाउनु भएको छ/छैन्

क) परामर्श सेवा १ छ २ छैन

ख) आर्थिक सहयोग १ छ २ छैन

ग) उपचार सेवा १ छ २ छैन

घ) शिक्षा /छात्रवृती १ छ २ छैन

ङ) दैनिक क्रियाकलापहरु सम्पादन् गर्न सहायता सेवा १ छ २ छैन

च) व्यवसायिक तालिम १ छ २ छैन

छ) क्षमता विकास तालिम १ छ २ छैन

ज) सहायक सामाग्री १ छ २ छैन

झ) उपचारको सहयोग १ छ २ छैन

ञ) बिऊ पुँजी १ छ २ छैन

ट) अन्य कुनै भए खुलाउने

६.४ तपाईले कुनै निःशुल्क स्वास्थ्य सेवा पाउनु भएको छ ? १ छ २ छैन

६.५ यदि निःशुल्क स्वास्थ्य सेवा पाउनु भएको छ भने कहाँबाट पाउनु भएको छ? १ सरकारी हस्पिटल २ सरकारी हेल्थपोष्ट/सवहेल्थ पोष्ट ३ गैरसरकारी हस्पिटल/नरसिङहोम ४ गैरसरकारी तथा अन्य सेवा केन्द्र

७. अपाङ्गता भएको व्यक्तिको समाबेशीकरण सम्वन्धी विवरण

७.१ के तपाई सामाजिक एवं मनोरन्जनात्मक कृयाकलापमा संलग्न वा सहभागि हुनुभएको छ वा थियो ?१ छ/थियो २ छैन/थिएन

७.२ यदि संलग्न वा सहभागी हुनुभएको छ/थियो भने के के मा हुनुभएको छ/थियो ? १ भोजभतेर २ खेलकुद ३ जात्रामा जाने ४ आफन्त काहाँ जाने ५ साँस्कृतिक कार्यक्रममा ६ गायन/नृत्य प्रदर्शन ७ पर्यटकिय भ्रमण ८ चाडपर्व, पूजाआजा आदिमा

७.३ सार्वजनिक स्थानहरुमा जानकोलागि भौतिक संरचना अपाङ्गता मैत्री छ/छैन् ? १ छ २ छैन् ७.४ यदि छैनन् भने त्यस्ता सार्वजनिक स्थानहरु के के हुन् ? (तपाँईको समुदायमा रहेका प्रमुख ३ वटा भन्नुहोस् । १ विद्यालय वा कलेज २ सरकारी भवनहरु ३ सामुदायीक भवन ४ रोजगारी स्थल ५ अस्पताल ६ अन्य (खुलाउने)

७.५ तपाई हाल रोजगार हुनुहुन्छ ? १ छु २ छैन्

७.६ परिवारमा वा समाजमा तपाईको कुनै निर्णयकारी भूमिका छ/छैन् ? १ छ २ छैन

७.७ यदि छ भने कस्तो प्रकारको निर्णयकारी भूमिका छ् ? (बहुउत्तर) १ आर्थिक परिचालन २ वैवाहिक ३ सामाजिक तथा साँस्कृतिक ४ शिक्षा५ स्वास्थ्य ६ अन्य

७.८ तपाई कुनै राजनैतिक संस्थामा सदस्य हुनुहुन्छ ? १ छ २ छैन

७.९ तपाईले कुनै संस्थामा कुनै राजनैतिक नियुक्ती पाउनु भएको छ ? १ छ २ छैन

७.१० यदि पाउनु भएको छ भने कुन संस्थामा पाउनु भएको छ संस्थाको नाम उल्लेख गर्नुहोस् ?

७.११ तपाईको कुनै सामाजिक संघसंस्थामा संलग्नता रहेको छ? १ छ २ छैन

७.१२ यदि संलग्नता छ भने तल उल्लिखित कस्तो सामाजिक संघसंस्थामा संलग्न हुनुहुन्छ ? १ सहकारी २ उपभोक्ता संघ/संस्था ३ अपाङ्गता सम्वन्धी स्वावलम्बी संस्था४ अपाङ्गता सम्वन्धी सेवा प्रदायक संस्था ५ धार्मिक संघ/संस्थामा६ सरकारी/गैरसरकारी संस्था ७ शैक्षिक ८ खेलकुद समिति ९ अन्य (खुलाउने)

७.१३ तपाई आफ' आवद्ध वा संलग्नता भएको संस्थामा तपाईको भूमिका कस्तो छ ?१ कामदार/श्रमिक १ कामदार/श्रमिक २ निर्णायक तह ३ कार्यान्वयन/अनुगमन तह ४ थाहा छैन

८. नेतृत्वदायी भुमिका

८.१ संस्थाको बैठकमा तपाईको अभिमतले मान्यता पाउँछ कि पाउँदैन ? १ पाउँछ २ पाउँदैंन

८.२ गरिएका निर्णयको कार्यान्वयनमा तपाईको संलग्नता हुन्छ ?१ हुन्छ२ हुँदैन

८.३ यदि छ भने अनुगमन कार्यमा तपाईको सहभागिता कस्तो हुने गरेको छ ? १ सुझाब लिने/दिने २ निर्णय तथा सिफारिस गर्न पाउने ३ जानकारी मात्र राख्ने ४ अन्य

९. उध्यमशिलता

९.१. तपाईले कुनै व्यवसायिक वा शिपमुलक तालिम लिनु भएको छ ? १ छ २ छैन

९.२. यदि लिएको छ भने के तालिम लिनु भएको छ (मूख्य १ बटा भन्नुस् ? १ नेतृत्व विकास २ प्रस्तावना / रिपोर्ट लेखन ३ कम्प्युटर ४ सिलाई/ कटाई ५ व्यवसायिक ६ अन्य (खुलाउनुहोस)

९.३. हाल तपाई कुनै व्यवसायमा वा रोजगारीमा संलग्न हुनुहुन्छ ?

९.४. यदि व्यवसायमा वा रोजगारीमा संलग्न हुनुहुन्छ भने तल उल्लेखित मध्ये केमा संलग्न हुनुहुन्छ ? १ कृषि व्यापार २ सेवा ३ घरेलु उद्योग ४ शिक्षण ५ मजदुरी ६ यातायात ७ अन्य

९.५. तपाईले कुनै बैंकमा व्यक्तिगत खाता खोल्नु वा संचालन गर्नुभएको छ ? १ छ २ छैन

९.६. तपाईले कुनै बैंक वा सहकारी संस्था वा फाइनान्स कम्पनीबाट ऋण लिनु भएको छ? १ छ २ छैन

१०. निति तथा कानुनको प्रयोग

१०.१. के तपाइँ लाई सि आर पि डि को बारेमा थाहा छ? १ छ २ छैन

१०.२. के तपाईँलाई सि. बि. आर को बारेमा थाहा छ? १ छ २ छैन

१०.३. के तपाईँलाई संबिधानले अपाङ्गता भएका व्यक्तीहरुको अधिकारको बारेमा समेटेको प्राबधानहरुको बारेमा थाहा छ? १ छ २ छैन

११. सि. बि. आर. कार्यक्रमको प्रभावकारिताको लागि केही सुझाब भए भन्नुहोस ।

अनुसूची २ किन्द्रित समुह छलफलको चेकलिष्ट

नेपाल सरकार द्वारा सञ्चालित सि.बि.आर. कार्यक्रमको प्रभावकारीता अध्ययन(२०७३ ।७४)

केन्द्रित समूह छलफल (**Focus Group Discussion**)

छलफलका बिधि र बिषयबस्तू

समूहका सदस्यहरु- सि.बि.आर.सञ्चालन गरिरहेका संस्थाको जिम्मेवार पदाधिकारि र कर्मचारीहरु, लाभान्वित अपाङ्गता भएका व्यक्तीहरु, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र मातहतका विभाग र महिला तथा बालबालिका कार्यालयका प्रतिनिधिहरु

Date Monday, June 05, 2017 Venue: WCO, Nuwakot

विषयबस्तूहरु-

(क) सरकारद्वारा जारि गरिएको सि. बि. आर. निर्देशिकामा उल्लेखित विषयबस्तूहरु (तथ्याङ्क तथा विवरण सङ्कलन, जनचेतनासम्बन्धी कार्यक्रम, विस्तृत लेखाजोखा, परामर्श सेवा, उपचार सेवा, पुनर्स्थापना सेवा, शिक्षामा पहुँच, व्यवसायिक तालिम र आयआर्जन ब्यवस्था, पारिवारिक तथा सामाजिक सहभागिता, जनशक्ति र नेतृत्व विकास, समन्वय एवम् सञ्जालिकरण

(ख) विश्व स्वास्थ संगठनको ५ गुणा ५ सि.बि.आर. म्याट्रिक्स्मा उल्लेखित प्राथमिकता र कार्यक्षेत्रको आधारमा भएका क्रियाकलापहरूको बिष्लेशण ।

(ग) सि.बि.आर. निर्देशक समितिको भूमिका, सि.बि.आर. गाउँ समन्वय समितिको गठन र प्रभाबकारीता, संस्था छनौट प्रकृया, सि.बि.आर. समन्वयकर्ता, सामुदायिक कार्यकर्ता र सामाजिक परिचालकहरूको परिचालन,

(घ) सि.बि.आर. कार्यक्रम सञ्चालन सम्बन्धी आर्थिक निर्देशिकाको कार्यन्वयन र रकम बिनियोजनको बाध्यत्मकताले सृजना गरेको चुनौति